# प्रभाव दैनिक
National Daily

पत्रिका नआएमा, ठेगाना परिवर्तन भएमा वा अन्य कुनै गुनासो/जिज्ञासा भएमा निम्न माध्यमबाट हामीलाई तत्काल सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ ।

प्रभाव पब्लिकेसन प्रा.लि.
सिफल-७, काठमाडौं
०१-४३७३५७७, ९७६१८१५४००,
९८४११५१२१७, ९८४१२४६२६९
marketing2prabhab@gmail.com

वर्ष ११ | अंक २६८ | काठमाडौं | बिहीबार, १० माघ २०८१ | Prabhab National Daily | Thursday, January 23, 2025 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५।-


## लप्सिफेदी सवस्टेसनलाई लिएर लिङ्देन-नापितबीच नोकझोक

■ जेबी योञ्जन



⏭ राप्रपा अध्यक्ष लिङ्देनलाई नगरप्रमुख नापितको आग्रह- तपाईंले कुलमान घिसिङलाई भनिदिनुपर्‍यो र सवस्टेसन छिटो हटाउन लगाउनुपर्‍यो ।

⏭ लिङ्देनको आक्रोश- कुलमान मेरै मान्छे हो तर सवस्टेसन सार्नु भन्दिनँ । तपाईंलेचाहिँ तुरुन्त त्यहाँको विवाद मिलाउनुपर्‍यो । किन त्यहाँ मान्छे उचाल्दै हुनुहुन्छ ?

**काठमाडौं-** अमेरिकी सहयोग परियोजना मिलिनियम च्यालेन्ज कर्पोरेसन (एमसिसी) परियोजनाअन्तर्गत नेपाल विद्युत् प्राधिकरणले सवस्टेसन बनाइरहेको शंखरापुर नगरपालिका-३ लप्सिफेदीस्थित बोझेनीका स्थानीयवासी निरन्तर आन्दोलनमा छन् । उनीहरूको एक सूत्रीय माग सवस्टेसन सार्नुपर्ने भन्ने छ ।

प्राधिकरणले भने उल्टै सुरक्षाकर्मी लगेर आन्दोलित स्थानीयवासीलाई धरपकड गर्दै जबर्जस्ती सवस्टेसन निर्माण कार्य अघि बढाएको छ । स्थानीयको माग सुन्ने पक्षमा प्राधिकरण देखिएको छैन ।

बरु, छ जना स्थानीयलाई पक्राउ गरेर अभद्र व्यवहारको कसूरमा मुद्दा चलाउने प्रहरीको तयारी छ । केही दिनयता आन्दोलनकारीहरूले पक्राउ परेकालाई विनासर्त रिहाइको माग गरिरहेका छन् । तर, उनीहरूलाई रिहा गरिएको छैन । अझ घरघरमै प्रवेश गरेर अन्य स्थानीयलाई कुटपिट गर्नेजस्ता अमानवीय व्यवहार भइरहेको र उनीहरू असुरक्षाका कारण जंगलमै बास बस्नुपर्ने अवस्था आएको वडा नम्बर ३ का अध्यक्ष सूर्यबहादुर तामाङले बताए ।

त्यहाँका नगरप्रमुख रमेश नापित गत निर्वाचनमा राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) बाट निर्वाचित भएका हुन् । उनै मेयर नापितलाई राप्रपा अध्यक्ष राजेन्द्र लिङ्देनले सवस्टेसनलाई लिएर उत्पन्न विवाद मिलाउन फोनमार्फत गत साता दबाब दिए । त्यसपछि नापित र उनको साथमा आन्दोलित स्थानीयको एक टोली धुम्बाराहीस्थित पार्टी केन्द्रीय कार्यालय आए ।

राप्रपाका एक सचिवालय सदस्यले प्रभावलाई दिएको जानकारीअनुसार नापितले सुरुमै भने, 'अध्यक्षज्यू, तपाईंले कुलमान घिसिङलाई भनिदिनुपर्‍यो र सवस्टेसन छिटो हटाउन लगाउनुपर्‍यो ।' अध्यक्ष लिङ्देनले एकाएक आक्रोशित हुँदै भने, 'कुलमान मेरै मान्छे हो तर सवस्टेसन सार्नु भन्दिनँ । तपाईंलेचाहिँ तुरुन्त त्यहाँको विवाद मिलाउनुपर्‍यो । किन त्यहाँ मान्छे उचाल्दै हुनुहुन्छ तपाईं ?'

लिङ्देनले झन् ठूलो स्वरमा थर्काउँदै नापितलाई आफूले मेयरको टिकट दिएर जितेको मान्छेले भनेको मान्नुपर्ने बताए । यसपछि नापितले पनि आक्रोशित भए । उनले भने, 'तपाईंले टिकट दिए पनि जिताएको तपाईंले होइन, मलाई स्थानीय जनताले जिताए । अहिले उनीहरूको माग सम्बोधन गर्न तपाईंले पहलकदमी लिनुपर्‍यो ।'

मेयर नापित यतिमै रोकिएनन् । उनले लिङ्देनलाई औंला ठड्याउँदै भने, 'म पनि यो पार्टीको कार्यकर्ता हो । मैले पनि यो पार्टीमा रगत पसिना बगाएको छु । र, निर्वाचित मेयर हुँ । यो पार्टी तपाईंको मात्रै होइन, सबैको हो । ठूला कुरा नगर्नुहोस् ।'

ती सचिवालय सदस्यका अनुसार निकै बेरसम्म अध्यक्ष लिङ्देन र मेयर नापितबीच भएको भएको भनाभन भयो । लिङ्देनकै छेउमा बसेर यो भनाभन राप्रपाका वरिष्ठ उपाध्यक्ष बुद्धिमान तामाङले सुनिरहे । प्राधिकरणका कार्यकारी निर्देशक कुलमान बुद्धिमानकै ज्वाइँ हुन् । कुलमानकै अग्रसरतामा पटक-पटक प्राधिकरण र स्थानीयवासीबीच वार्ता भएको छ ।

⏭ क्रमशः पृष्ठ २ मा

## उद्योगमन्त्रीको आडमा सिमेन्टको मूल्यमा 'कार्टेलिङ'



सार्वजनिक लेखा समितिको बैठक । *तस्बिर: रासस*

◆ अध्यादेशमार्फत सरकारले कालोबजारीलाई वैधता दिएको आरोप

◆ लेखा समितिको निर्देशन- मूल्यवृद्धि अस्वाभाविक, तत्काल नियन्त्रण गर्नू

■ प्रभाव संवाददाता

**काठमाडौं-** निर्माण कार्यको सिजन छोपेर सिमेन्ट व्यवसायीले मूल्य अचाक्ली बढाएपछि निर्माण व्यवसायी महासंघले रोष पोखेको छ । उनीहरूले संसद्को सार्वजनिक लेखा समितिमा बुधबार रोष पोखेका हुन् ।

निर्माण व्यवसायी महासंघका अध्यक्ष रवि सिंहले ५०० रूपैयाँ पर्ने एक बोरा सिमेन्टको ८०० रूपैयाँभन्दा बढी लिने गरेको आरोप लगाए । 'उहाँहरूले ५४० रूपैयाँमा काठमाडौंमा सिमेन्ट उपलब्ध गराउने भन्नुभएको थियो । भारतमा ५०० रूपैयाँमा निर्यात गर्ने अनि यहाँ ८१६ रूपैयाँ पर्ने किन ?,' सिंहले प्रश्न गरे ।

सरकारले अध्यादेश ल्याएर कालोबजारीलाई वैधता दिएकोसमेत उनको आरोप थियो । 'अहिले कालोबजारी भन्न मिलेन । सरकारले अध्यादेश ल्याएर यसलाई वैधता दिएको छ,' सिंहले भने ।

महासंघका पूर्वअध्यक्ष रमेश शर्माले सिमेन्टको मूल्यमा ६० प्रतिशतसम्म वृद्धि भएको दाबी गरे । 'मूल्यभन्दा पनि उत्पादन कन्ट्रोल भएको छ । उत्पादन घटाएर कार्टेलिङ गरियो,' शर्माले भने ।

उद्योग विभागका महानिर्देशक राजन पौडेलले यसबारेमा उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालयले उद्योगीसँग चारपटक छलफल गरिसकेको बताए ।

### मूल्यवृद्धि भएको छैन, समायोजन भएको हो : *उद्योगमन्त्री*



उद्योग, वाणिज्य तथा आपूर्तिमन्त्री दामोदर भण्डारीले निर्माण व्यवसायी र सिमेन्ट उद्योगीबीच यसअघि नै छलफल भएर मूल्य समायोजन गर्ने सहमति भइसकेको दाबी गरे । 'दुई पक्षबीच औपचारिकरूपमा चार/पाँच पटक छलफल गर्‍यौं । १०/१५ प्रतिशत मूल्य समायोजन गर्ने सहमति भइसकेको छ,' मन्त्री भण्डारीले भने ।

कम्पनीअनुसार मूल्य फरक-फरक हुने तर्क गर्दै मन्त्री भण्डारीले सिमेन्ट उद्योगीको बचाउ गरे । उनले भने, 'थुप्रै कम्पनीको मूल्य कम्पनीअनुसार फरक-फरक छ । ४०० रूपैयाँको सिमेन्ट ८०० मा भन्ने त्यति सत्य होइन । ५०/६० देखि ७५ प्रतिशतसम्म मूल्यवृद्धि भएको भन्ने साँचो होइन ।' मन्त्री भण्डारीले लोडसेडिङको प्रभावसमेत परेको उल्लेख गर्दै यस्ता समस्या चाँडै टुंगो लगाउने प्रतिबद्धता जनाए ।



अहिले मूल्यवृद्धि भएको नै होइन । हाम्रो लागत कति हो, अनि फाइदा कति हो सबै थाहा नै छ । साउन भदौमा घटेको मूल्यमा एक-दुई सय बढेको हो ।

■ **ध्रुव थापा**
**सिमेन्ट उद्योगी**



सिमेन्टको मूल्यवृद्धिलाई अहिले कालोबजारी भन्न मिलेन । सरकारले अध्यादेश ल्याएर यसलाई वैधता दिएको छ ।

■ **रवि सिंह**
**अध्यक्ष, निर्माण व्यवसायी महासंघ**

उद्योगीले लोडसेडिङका कारण मूल्य बढेको बताउने गरेको पौडेलको भनाइ थियो । 'सिमेन्ट उद्योगीले लोडसेडिङ, ज्यालालगायतका कारण लागत बढेको भन्ने छ,' महानिर्देशक पौडेलले भने ।

पौडेलले बजारको मूल्यबारे नियमित अनुगमन गरेको दाबीसमेत गरे । 'यसअघि नै मूल्य बढाउने र निर्माण व्यवसायीले आन्दोलन स्थगित गर्ने सहमति भएको थियो,' पौडेलले भने ।उनको भनाइमा निर्माण व्यवसायी महासंघका अध्यक्ष सिंहले तत्कालै प्रतिवाद गरे ।

⏭ क्रमशः पृष्ठ २ मा

**सन्दर्भ: वैदेशिक रोजगार**

## आप्रवासी स्रोत केन्द्र ७६ जिल्लामा विस्तार गरिँदै

■ ममता थापा

**काठमाडौं-** वैदेशिक रोजगार विभागमा चालु आर्थिक वर्ष २०८१/८२ को पहिल्लो छ महिना (साउन-पुस) मा चार हजार १६२ वटा ठगीका घटना दर्ता भए । विभागको मुद्दा तथा अनुसन्धान शाखामा दुई हजार १६ वटा र प्रहरी शाखामा दुई हजार १४६ वटा उजुरी परेका छन् ।

छ महिनामा तीन लाख ९३ हजारभन्दा बढी नेपाली विदेसिँदा चार हजारभन्दा बढी व्यक्ति ठगीमा परेको तथ्यांकमा देखिन्छ । गत आर्थिक वर्ष २०८०/८१ मा छ हजार ३२१ वटा ठगीका घटना दर्ता भएका थिए ।

यी घटनाले वैदेशिक रोजगारीमा अझै पनि ठगीका घटना नरोकिएको देखाउँछ । कसरी सुरक्षित तवरबाट जाने भन्ने पर्याप्त ज्ञान नहुँदा बर्सेनि हजारौं नागरिक वैदेशिक रोजगारसम्बन्धी ठगीमा पर्दै आएका छन् । सरकारले विदेश जाने क्रममा हुने ठगीका घटना न्यूनीकरण गर्न अधिकांश जिल्लामा आप्रवासी स्रोत केन्द्र सञ्चालनमा ल्याएको छ । यस्ता केन्द्रले आप्रवासी कामदार तथा उनीहरूका परिवारलाई सूचना, परामर्श तथा अन्य सेवा दिएर वैदेशिक रोजगारीलाई सुरक्षित र मर्यादित बनाउन सहयोग गर्ने श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयका सहायक प्रवक्ता वसन्त बोहोरा बताउँछन् ।

उनका अनुसार स्रोत केन्द्र हाल ५७ वटा जिल्ला प्रशासन कार्यालय र १७ वटा इलाका प्रशासन कार्यालयबाट सञ्चालनमा आइसकेको छ । चालु आर्थिक वर्षभित्र ७६ जिल्लामा स्रोत केन्द्र पुर्‍याइने सहायक प्रवक्ता बोहोरा बताउँछन् । उनी भन्छन्, 'आवश्यक बजेट सम्बन्धित स्थानीय तहमा पुगिसकेको छ । हाल चौथो चरणअन्तर्गत ७६ जिल्लामा केन्द्र स्थापना हुँदै छ । त्यसपछि मुलुकभरका ७५३ वटै स्थानीय तहबाट सेवा दिने योजना छ ।'

तीन तहकै सरकारबीचको समन्वयबाट कार्यक्रम सञ्चालन भइरहे पनि कतिपय पालिकाले आफ्नै बजेटबाट पनि यो सेवा दिइरहेका उनले बताए । स्रोत केन्द्र नेपाल सरकार र स्वीस सरकारबीचको सम्झौताअन्तर्गत श्रम मन्त्रालयको नेतृत्व र हेल्भिटास नेपालको प्राविधिक सहयोगमा सञ्चालित छन् ।

### कसले दिन्छ परामर्श ?

श्रम मन्त्रालयका अनुसार प्रत्येक स्थानीय तहमा दुई जना परामर्शदाता हुन्छन् । उनीहरू अनिवार्यरूपमा वैदेशिक रोजगारीमा गएर फर्किएको हुनुपर्छ । वैदेशिक रोजगारीसँग सम्बन्धित विभिन्न कामले जिल्ला प्रशासन पुगेका व्यक्तिहरूलाई उनीहरूले परामर्श दिन्छन् । यस्तो परामर्श रोजगारीका लागि जाने जुनसुकै देशको बारेमा लिन सकिन्छ ।

वैदेशिक रोजगारीमा जानका लागि राहदानी बनाउन जिल्ला प्रशासन कार्यालय पुग्नेहरूलाई स्रोत केन्द्रले प्रक्रियागत जानकारी दिन्छ । उनीहरूको विवरण टिपेर स्रोत केन्द्रले राख्छ । उनीहरूलाई समुदायस्तरमा आयोजना हुने समुदाय अभिमुखीकरणमासमेत सहभागी गराइन्छ । अभिमुखीकरणमा सम्बन्धित घर परिवारका सदस्यलाई पनि सुरक्षित वैदेशिक रोजगारसम्बन्धी जानकारी दिइन्छ ।

### कार्यविधिमा के छ ?

आप्रवासी स्रोत केन्द्र सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०७८ अनुसार केन्द्रले सुरक्षित वैदेशिक रोजगारीसम्बन्धी सूचना, परामर्श तथा आवश्यक सेवा दिन्छ । समुदायमा अभिमुखीकरण, सेवा लिने व्यक्तिको लगत

⏭ क्रमशः पृष्ठ २ मा

## लोकतान्त्रिक एसोसिएसनको रक्तदान कार्यक्रम आज



**काठमाडौं (प्रस)-** नेपाल लोकतान्त्रिक वैदेशिक रोजगार व्यवसायी एसोसिएसनले आज आफ्नो १९औं वार्षिकोत्सव मनाउँदै छ । यही अवसरमा एसोसिएसनले रक्तदान कार्यक्रम आयोजना गर्ने भएको छ ।

सामाखुसीस्थित स्काइ रेस्टुरेन्ट एण्ड ब्यांक्वेटमा रक्तदान कार्यक्रम राखिएको एसोसिएसनका अध्यक्ष दीपक थापाले जानकारी दिए । विगतदेखि नै विभिन्न सामाजिक कार्यमा सक्रिय रहेको एसोसिएसनले यसपटक रक्तदान कार्यक्रमको आयोजना गर्न लागेको उनको भनाइ छ ।

रगतको अभावमा कसैले अकालमा ज्यान गुमाउन नपरोस् भन्ने हेतुका साथ गर्न लागिएको कार्यक्रममा सहभागी हुन एसोसिएसनले आह्वान गरेको छ । रक्तदानमा जोकोहीले पनि सहभागी हुनसक्ने जनाइएको छ । कार्यक्रम बिहान १० बजेबाट सुरु हुने र दिनभर चल्ने जानकारी अध्यक्ष थापाले दिए ।


**नेपाल वैदेशिक रोजगार व्यवसायी संघको निर्वाचनसहितको**

**साधारण सभासम्बन्धी सूचना**

नेपाल वैदेशिक रोजगार व्यवसायी संघको मिति २०८१ पुस १० गते बसेको संघ कार्यसमिति बैठकको निर्णयानुसार संघको विधानको दफा २४(२) मा व्यवस्था भएबमोजिम आगामी २०८१ फागुन २ गते हुन गइरहेको संघको ३०औं र ३१औं वार्षिक साधारणसभा तथा निर्वाचनका लागि प्रमुख निर्वाचन अधिकृतसहितको समिति गठन भएको व्यहोरा सम्पूर्ण व्यवसायीज्यूहरूलाई यसै सूचनाद्वारा जानकारी गराउँदै साधारणसभामा उपस्थितिको लागि अनुरोध गरिन्छ ।

**साधारणसभामा निर्णयार्थ पेश गरिने विषयहरू (एजेण्डाहरू) :**

१. कार्यसमितिको तर्फबाट प्रस्तुत गर्ने प्रगति विवरण र संघद्वारा भएका कार्यहरु उल्लेख गरिएको प्रतिवेदन पारित गर्ने ।
२. आ.व. २०७९/०८० २०८०/०८१ को आयव्ययको विवरणसहितको वासलातउपर छलफल गरी पारित गर्ने ।
३. आ.व. २०८१/०८२ को आयव्ययको लेखा परीक्षक नियुक्त गरी निजलाई दिने पारिश्रमिक तोक्ने ।
४. आगामी कार्यकालका लागि संघ कार्यसमितिको निर्वाचन गर्ने ।
५. विविध ।

**नोट**: यस साधारणसभाले आगामी कार्यकालका लागि कार्यसमितिको चयन गर्ने भएकाले निर्वाचनसम्बन्धी जानकारीको निम्ति निर्वाचन समितिले प्रकाशन गर्ने सूचना हेर्न र संघमा सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ ।

**साधारण सभासम्बन्धी थप जानकारी :**

कम्पनी संचालक समितिबाट निर्णय गराइ साधारणसभामा भाग लिनका लागि एक कम्पनीले १ जना प्रतिनिधि पठाउनुपर्ने भएकाले संघमा बाँकी रहेको मासिक शुल्क (लेबी) भुक्तान गरी संघमा कम्पनीको लेटरहेडमा लिखित निवेदन, शेयर लागतको प्रतिलिपि, नागरिकता वा राहदानीको प्रतिलिपि र पासपोर्ट साइजको २ प्रति फोटो मिति २०८१ माघ १८ गतेभित्र प्रतिनिधि पठाइ जानकारी गराउनुहुन हार्दिक अनुरोध छ ।

साधारणसभा बस्ने स्थान, समयको बारेमा यथासक्या चाँडो सदस्यहरूलाई जानकारी गराइने छ ।

**मेघनाथ भुर्तेल** — महासचिव
*एवम्*
**राजेन्द्र भण्डारी** — अध्यक्ष

**नेपाल वैदेशिक रोजगार व्यवसायी संघ**
सिफल-७, काठमाडौं, फोन नं. ०१-४५२०९६९ / ४५८४४१८

## पृष्ठ १ बाट क्रमशः

# उद्योगमन्त्रीको...

भने, 'निर्माण व्यवसायी महासंघलाई बाहिर राखेर एमाले, कांग्रेस र राप्रपाका संगठनले गरेको सहमति मान्य छैन,' उनले भने ।

### मूल्य नबढेको सिमेन्ट व्यवसायीको दाबी

सिमेन्ट व्यवसायीहरूले भने सिमेन्टको मूल्य नबढेको दाबी गरे । सिमेन्ट उद्योगी विष्णु न्यौपानेले चुनढुंगाको लागत बढेको र लोडसेडिङका कारण मूल्यमा केही तलमाथि भएको तर्क गरे । 'पोहोरको तुलनामा अहिले लोडसेडिङ बढेको छ । चुनढुंगा ढुवानीमा पनि लागत बढेको छ । अहिलेको मूल्यमा पनि कुनै पनि कम्पनीले १० प्रतिशतभन्दा बढी फाइदा खान सक्दैन । १२ घण्टासम्म लोडसेडिङ छ,' उनले भने ।

अर्का उद्योगी ध्रुव थापाले मूल्य नबढेको दाबी गरे । 'अहिले मूल्यवृद्धि भएकै होइन । हाम्रो लागत कति हो, अनि फाइदा कति हो सबै थाहा नै छ । साउन भदौमा घटेको मूल्यमा एक-दुई सय बढेको हो,' थापाले भने ।

### मूल्यवृद्धि नियन्त्रण गर्न सांसदहरूको माग

सांसदहरूले भने सिमेन्टको मूल्य बढाएर लुटतन्त्र मच्चाउन खोजेको आरोप लगाए । 'मूल्य त सरकारले रेगुलेट गर्ने हो । नभए किन राज्य चाहियो । नेपालमा त लुटतन्त्र छ,' स्वतन्त्र सांसद अमरेश सिंहले भने ।

नेकपा माओवादी केन्द्रका सांसद राजन दाहालले रातारात बढेको मूल्य स्वीकार्य नहुने बताए । यस्तो विषयमा तत्काल लेखा समितिले निर्देशन दिनुपर्ने उनको माग थियो । 'कमसेकम उत्पादित मूल्यको दर र बजार मूल्य सरकारले तोक्नुपर्छ । यो अध्यादेश त खारेज गर्नैपर्छ । लोडसेडिङबारे हामीलाई थाहा छैन । सरकारलाई लेखा समितिले निर्देशन दिनुपर्छ,' दाहालले भने ।

कांग्रेस सांसद राजन केसीले मूल्यवृद्धिका कारण अन्तर्राष्ट्रिय बजार र नेपालमा नेपाली सिमेन्टको विश्वसनीयता खस्किएको बताए । राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का सांसद हरि ढकालले सिमेन्ट व्यवसायीले लोडसेडिङबारे गलत तथ्यांक दिएको तर्क गरे । 'छ घण्टामात्र लोडसेडिङ छ । १२ घण्टा भनेर गलत तथ्यांक दिएर सदनलाई नहेप्नुस्,' ढकालले भने ।

माओवादी केन्द्रका सांसद अमनलाल मोदीले भारतलाई सस्तो दिने तर नेपालमा दिनदिनै मूल्य बढाएको भन्दै आपत्ति जनाए । 'तपाईंले भारतमा सस्तोमा बेच्ने अनि नेपाली जनतालाई मारमा पार्ने ? सिमेन्ट कम्पनी राम्रो भयो भनेर भन्ने अनि मूल्य दिनदिनै बढाउने ?,' मोदीले प्रश्न गरे ।

माओवादी केन्द्रकै अर्का सांसद जनार्दन शर्माले अध्यादेशकै कारण मूल्यवृद्धिको बाटो खुला भएको दाबी गरे । 'अध्यादेशले थप मूल्यवृद्धिको बाटो खोलिदियो । आफ्नै कच्चापदार्थमा चल्ने सिमेन्ट उद्योगलाई प्रोत्साहन गर्नुपर्छ । तर कार्टेलिङ गर्नुभएन,' शर्माले भने । उनले कार्टेलिङको विषयमा सरकारले हस्तक्षेप नै गर्नुपर्ने तर्क अघि सारे ।

एमाले सांसद योगेश भट्टराईले दुई-तीन महिनामै सिमेन्टमा ७० प्रतिशतसम्म मूल्य बढेको बताए । 'सबै मूल्य बजारले मात्र निर्धारण गर्दैन । त्यसमा राज्यको पनि भूमिका हुन्छ । ७००/८०० रूपैयाँ मूल्य बढ्ने भनेको दुई/तीन महिनामा के त्यस्तो उथलपुथल भएको छ । यो भनेको त ७० प्रतिशतसम्म हो,' भट्टराईले भने ।

### लेखा समितिको निर्देशन- मूल्यवृद्धि तत्काल नियन्त्रण गर्नू

लेखा समितिले मूल्य बढाउनु प्रथम दृष्टिमै अस्वाभाविक देखिएको भन्दै तत्काल नियन्त्रण गर्न उद्योग मन्त्रालयलाई निर्देशन दिएको छ । 'सिमेन्टको मूल्य वृद्धिले लागत बढ्न जाने हुन्छ । मूल्यवृद्धि तथ्यमा आधारित हुनुपर्छ । मूल्य बढाउनु प्रथम दृष्टिमा अस्वाभाविक देखिन्छ । तत्काल मूल्यवृद्धि नियन्त्रण गर्न मन्त्रालयलाई निर्देशन दिने,' समितिको निर्देशनमा भनिएको छ । यसैगरी उद्योगमा लोडसेडिङ भएको बारेमा ऊर्जामन्त्रीसँग जानकारी लिने भएको छ ।

◆◆◆

# लप्सिफेदी...

तर, वार्ताले सहमतिको मिलनबिन्दु पहिल्याउन सकेको छैन । यसपछि २०७९ सालदेखि नै आन्दोलित स्थानीयले आन्दोलन रोकेका छैनन् ।

बोझेनीमा सिन्धुपाल्चोक, दोलखा र रामेछाप बेसिनमा तामाकोशी र सुनकोशी नदी जलाधार क्षेत्रमा निर्माण भएका जलविद्युत् आयोजनाहरूको विद्युत् काठमाडौंलगायतमा वितरणका लागि ४००, २२० र १३२ केभी स्टेसन बन्ने योजनासहित त्यहाँ निर्माणको काम जारी छ । तर, स्थानीयवासी सवस्टेसन निर्माणले आफ्नो बास उठ्नसक्ने भन्दै अन्यत्र सार्न माग गरेर आन्दोलित छन् । त्यहाँ सवस्टेसनका लागि भन्दै पटक-पटकको अधिग्रहणपछि ७० जना स्थानीयको १७० रोपनी जग्गा प्राधिकरणले लिइसकेको छ । उनीहरूले मुआब्जा लिइसकेका छन् । तर, पछिल्लो समय भने ती जग्गाधनीहरू जग्गा फिर्ताको माग गर्दै आन्दोलनमा उत्रिँदा सवस्टेसन निर्माणमा जटिलता थपिएको हो ।

तर, सवस्टेसन निर्माणको सन्दर्भमा स्थानीयलाई सही सूचना नदिएको वडाध्यक्ष तामाङले बताए । उनका अनुसार एमसिसी परियोजनाअन्तर्गत निर्माण गरिने अन्तरदेशीय विद्युत् प्रसारणलाइनको प्रारम्भिक बिन्दु लप्सिफेदीमा तोकिनेबारे पहिले जानकारी दिइएको थिएन । २०७८ को अन्तिममा संसद्बाट एमसिसी परियोजना पारित भएपछि त्यसको प्रारम्भिक बिन्दु लप्सिफेदीमा हुने स्थानीयले थाहा पाएका हुन् । त्यसअघि नै उनीहरूबाट प्राधिकरणले जग्गा दिइसकेका थिए । त्यससँगै स्थानीय आक्रोशित भए । उनीहरू हालसम्म आन्दोलनमै छन् ।

प्राधिकरणका अधिकारीहरूका अनुसार माथिल्लो तामाकोशीलगायतमा उत्पादित विद्युत् बाह्रबिसे सवस्टेसनमा जोड्न प्रसारणमार्गको आवश्यकता पर्छ । त्यहीँबाट काठमाडौं विद्युत् आपूर्ति गर्न चाँगुनारायण सवस्टेसन जोड्ने अर्को पनि प्रसारणलाइन आवश्यक पर्छ ।

लप्सिफेदीबाट सिन्धुपाल्चोकको मेलम्ची नगरपालिका-१ को भोटेचौर हुँदै जाने एमसिसीका लागि नाङ्लेभारेतिरको प्रसारणलाइन छँदै छ । यसरी तीनतिर विद्युत् प्रसारणलाइन जडान गरिँदा लप्सिफेदी गाउँको आकाश प्रसारणलाइनको तारले माकुराको जालोजस्तो हुने र त्यसले जोखिम बढ्ने भन्दै स्थानीयले सवस्टेसन सार्न माग गरेर आन्दोलित भएका हुन् ।

शंखरापुर-३ का वडाध्यक्ष तामाङले वातावरणीय प्रभाव मूल्यांकन र सार्वजनिक सुनवाइ प्रभावित क्षेत्रमा नभएको बताए । उनले वातावरणीय प्रभाव मूल्यांकन हुँदा काभ्रेको मण्डनदेउपुरमा सवस्टेसन निर्माण गर्नुपर्ने भनिएको थियो । तर, सुटुक्क लप्सिफेदीमा सवस्टेसन बनाउने कार्य गरिएको भन्दै स्थानीयले विरोध गर्दै आएका छन् । केही महिनाअघि त्यहाँ प्राधिकरणका कार्यकारी निर्देशक घिसिङ पनि पुगेका थिए । त्यसबेला उनले प्राधिकरणको कमजोरी भएको स्वीकारेका थिए । तर, सवस्टेसन हटाउन घिसिङ नेतृत्वको प्राधिकरणले चाहेको छैन ।

◆◆◆

# आप्रवासी स्रोत...

संकलन, तथ्यांक अद्यावधिक, रिटर्नी स्वयंसेवक परिचालन, सीप विकास तालिममा सहजीकरण गर्ने, सचेतना कार्यक्रमका लागि सञ्चारमाध्यमसँग सहकार्य गर्ने, केन्द्रको काम नियमितरूपमा स्थानीय तहलाई जानकारी गराउनेजस्ता काम गर्छ । यसको अनुगमन मन्त्रालय, राष्ट्रिय आप्रवासी स्रोत केन्द्र निर्देशक समिति र बोर्ड सचिवालयले गर्छ । केन्द्रले उपलब्ध गराएको सूचनाबापत कुनै सेवा शुल्क लिन पाइँदैन ।

## नक्सा पास सम्बन्धमा जारी भएको १५ दिने सार्वजनिक सूचना

**(सूचना प्रकाशित मिति २०८१/१०/१०)**

महालक्ष्मी नगरपालिका वडा नं. ८ साविक लुभु गा. वि. स. ७क. कित्ता नं. १०३६ क्षेत्रफल १०३.३२ वर्ग मिटर जग्गामा भवन निर्माण गर्न नक्सा पासको लागि २०८१ पौष १४ मा महालक्ष्मी नगरपालिका वडा नं.८ को कार्यालयवाट १५ दिने सूचना जारी गरेकोमा घर/जग्गाको म्याद बारम्बार बुझाउन जादाँ सम्बन्धित तपसिलमा उल्लेखित संधियारहरूसंग सम्पर्क हुन नसकेकोले नक्सा पासको लागि १५ दिने सार्वजनिक सूचना जारी गरिएको छ ।

उल्लेखित कित्ता जग्गामा घर निर्माण हुदाँ तपाई साँधसंधियारहरूलाई बाधा तथा मर्का पर्ने भएमा समय अवधि भित्र महालक्ष्मी नगरपालिकाको ८ नं. वडा कार्यालयमा निवेदन दिनुहुन तथा साँधसंधियारको जानकारीको लागि सुचित गरिन्छ । म्याद भित्र कसैको कुनै प्रतिक्रिया दावी विरोध प्राप्त नभएमा नियमानुसर निवेदकको माग बमोजिम नक्सा पासको लागि नगरपालिकामा सिफारिश भईजाने व्यहोरा समेत जानकारी गराईन्छ ।

**तपसिल**

पूर्व तर्फः गंगा बहादुर श्रेष्ठ, कि. नं. १०४०, रचना श्रेष्ठ, कि.नं.१०३८, दक्षिर्ण तर्फः सुनिता अधिकारी, कि. नं. १०३४

**महालक्ष्मी नगरपालिका**
**८ नं. वडा कार्यालय, लुभु, ललितपुर ।**

## कम्पनीको नाम परिर्वतन गरिएको सूचना

**दोस्रो पटक प्रकाशित मितिः २०८१/१०/१०**

मिति २०७८।१२।१३ मा दर्ता भएको प्रा.लि.न. २८७७१३ को **जनता सेवा बिल्र्डस सेन्टर प्रा.लि** को सम्पूर्ण चल अचल सम्पत्ति ऋण, धन, दायित्व परिवर्तित **ब्रदर्श बम्जन कन्स्ट्रक्सन प्रा.लि.** ले नै व्यहोर्ने सकार्ने गरी मिति २०८१।०९।०५ को निर्णयानुसार नाम परिवर्तन गरिएको व्यहोरा सम्बद्ध सबैको लागि जानकारी गराईन्छ ।

## वैदेशिक रोजगार विभागको
## सार्वजनिक सूचना

प्रकाशित मितिः २०८१/१०/१०

नेपाल सरकारबाट वैदेशिक रोजगार व्यवसाय सञ्चालन गर्न ईजाजत प्राप्त तपसिल बमोजिमका श्री **Jupiter Overseas Concern Pvt. Ltd.**(ई.प.नं.४७७/०६०/६१) को संचालक/शेयरधनीले आफ्नो नाममा कायम रहेको शेयरहरू दा.खा. नामसारी गरी पाउन कम्पनी रजिष्ट्रारको कार्यालयका नाममा सहमतिको सिफारिश गरिदिन यस विभागमा निवेदन दिएको हुँदा माग बमोजिम शेयर हक हस्तान्तरण तथा नामसारीको सहमति भई तपसिल व्यक्तिको नाममा हक कायम भइसकेको हुँदा कोही कसैको हकदावी छ भने यो सूचना प्रकाशित भएको मितिले १५ (**पन्ध्र**) दिनभित्र सवुद प्रमाण सहित **बैदेशिक रोजगार विभागमा** सम्पर्क गर्न आउनु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । अन्यथा माग बमोजिम शेयर नामसारीको लागि सहमति भै जाने व्यहोरा समेत यसै सूचनाबाट जानकारी गराइन्छ ।

**तपसिल**

| साविकको शेयरधनी नाम/ शेयर संख्या | अब कायम हुने शेयरधनी नाम/ शेयर संख्या |
|---|---|
| १. हिक्मत बहादुर रावल (१२५०) | १. चैतन्य तुम्बाहाम्फे (२३७५०-७५०००) |


## युएइमा रोजगार
कम्पनी : BIN MOOSA CONTRACTING LLC-rak branch

पूर्व स्वीकृति मिति : २०८१/१०/०९ | LT. No. 317515 | चलानी नं. ६०२३१७४५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Blacksmith (Mason) | 8 | 0 | 1300 | ४८,७४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Building Labour | 14 | 0 | 900 | ३३,७४५ | | | | | | | |
| 3 | Building Painters | 5 | 0 | 1200 | ४४,९९५ | | | | | | | |
| 4 | Civil Engineer/Civil Foreman | 3 | 0 | 5000 | १८७,४७० | | | | | | | |
| 5 | Construction Carpenter | 10 | 0 | 1200 | ४४,९९५ | | | | | | | |
| 6 | Heavy Truck Drivers | 3 | 0 | 1300 | ४८,७४० | | | | | | | |
| 7 | LIGHT VEHICAL DRIVER | 2 | 0 | 1200 | ४४,९९५ | | | | | | | |
| 8 | Safety Officer | 2 | 0 | 2500 | ९३,७३५ | | | | | | | |
| 9 | Supervisor (Construction) | 3 | 0 | 1300 | ४८,७४० | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ माघ १७ गते (30th Jan. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने/नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्याहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्याहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्याहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्याहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम इजाजत नं. ८३४/०६६/०६७
CHANDANI MANAGEMENT SERVICES PVT. LTD.
Basundhara-3, Kathmandu , Tel: +977-1- 4955422, 4960522
E-mail: info.cmservices2009@gmail.com, Website : www.chandanimanpower.com



## साउदीमा रोजगार
कम्पनी : Stars of Happiness Food Supplies

पूर्व स्वीकृति मिति : २०८१/१०/०७ | LT. No. 317368 | चलानी नं. ६०२३१७३४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | TAILOR | 1 | 0 | 1400 | ५१,३९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ माघ १७ गते (30th Jan. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने/नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्याहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्याहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्याहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्याहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |


वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।


National Exports Manpower Consultant Pvt. Ltd.
Sinamangal-9, Kathmandu, Nepal, Phone No.: +977-1-4478786, E-mail : nationalexportsmc@gmail.com



## कुवेतमा रोजगार
कम्पनी : LUKMA ALAFIYA RESTAURANT CO

पूर्व स्वीकृति मिति : २०८०/०६/०४ | पुन विज्ञापन स्वीकृति मिति : २०८१/१०/०९ | LT. No. 292746 | चलानी नं. ६०२०७९४१

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cashier | 5 | 0 | 170 | ७५,९५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Cleaner | 9 | 0 | 110 | ४९,१४५ | | | | | | | |
| 3 | Cook/chef Assistant | 5 | 0 | 150 | ६७,०१५ | | | | | | | |
| 4 | Driver | 5 | 0 | 150 | ६७,०१५ | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ माघ १७ गते (30th Jan. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने/नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्याहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्याहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्याहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्याहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |


वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।


Omega International Pvt. Ltd.
Basundhara, Kathmandu, Nepal, Ph. No: +977-4954327, 4954337, E-mail : info@omeganepal.com, Website : www.omeganepal.com
Govt. License No. 1352/074/075



## साउदीमा रोजगार
कम्पनी : ZAHIA AL SHARQ CONTRACTING EST

पूर्व स्वीकृति मिति : २०८१/१०/०९ | LT. No. 317440 | चलानी नं. ६०२३१२२०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Construction Labors | 10 | 0 | 1000 | ३६,७०७ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ माघ १७ गते (30th Jan. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने/नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्याहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्याहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्याहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्याहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |


वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।


RECENT JOB PLACEMENT PVT. LTD
श्रम इजाजत नं. १३१८/७४/७५
Tokha Municipality-05, Basundhara-8, Kathmandu Tel: +977-1-4390467,4355536
Email: recentjobplacement@gmail.com.np, Website: www.recentjobplacement.com



## युएइमा रोजगार
कम्पनी : Nestera Maintenance and Cleaning LLC

पूर्व स्वीकृति मिति : २०८१/१०/०९ | LT. No. 317479 | चलानी नं. ६०२३१७५७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | CLEANERS (FEMALE) | 0 | 15 | 1000 | ३७,४९५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ माघ १७ गते (30th Jan. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने/नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्याहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्याहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्याहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्याहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |


वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।


Govt. License 1592/079/080
Star Bridge HR Solution Pvt.Ltd.
Samakhusi, Town Planning-26, Ktm. Nepal,
Tel. No.: +977-01-5919160, E-mail: starbridgehrsolutan124@gmail.com



## कतारमा रोजगार
कम्पनी : MARZA HYPERMARKET WLL

पूर्व स्वीकृति मिति : २०८१/०१/२५ | पुन विज्ञापन स्वीकृति मिति : २०८१/१०/०९ | LT. No. 304345 | चलानी नं. ६०२१९१५२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cook | 8 | 0 | 1500 | ५६,७४५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Driver | 2 | 0 | 1500 | ५६,७४५ | | | | | | | |
| 3 | Helper | 7 | 0 | 1000 | ३७,८३० | | | | | | | |
| 4 | Salesman | 2 | 0 | 1500 | ५६,७४५ | | | | | | | |
| 5 | Waiter | 4 | 0 | 1500 | ५६,७४५ | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ माघ १७ गते (30th Jan. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने/नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्याहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्याहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्याहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्याहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |


वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।


श्रम इजाजत नं. ९५४/०६७/६८
VARSHA MANPOWER PVT. LTD.
Maharajgunj-3, Kathmandu, Phone No: 015908044/015906944


## आजको राशिफल



**आचार्य श्री स्वामी ध्रुव, माइण्ड मेनेजमेन्ट गुरु**
**इन्टरनेसनल एस्टोलोजिकल फोरम**
**सानेपा, काठमाडौं, नेपाल**
**फोन : ९८४१५९२५५२,**
Email: dhruvswamig@gmail.com

**बिहीबार, १० माघ, २०८१**

| | |
|---|---|
| **मेष** | रमाइलो जमघटमा सहभागी बन्ने अजसर । |
| **वृष** | आम्दानीको स्रोत भएपनि खर्च बढ्ने छ । |
| **मिथुन** | आकस्मिक खर्च बढ्नुका साथै अर्थ अभाव । |
| **कर्कट** | दिगो कामको जग बसाउन सकिने छ । |
| **सिंह** | व्यस्तताले शरीरमा कमजोरी पना आउने । |
| **कन्या** | विषेश अवस प्रप्त हुनले मन प्रफुल्ल हुने । |
| **तुला** | साथिभाइको आगमनले दिन मनोरञ्जनपूर्ण हुने । |
| **वृश्चिक** | नयाँ अवसर साथै भौतिक सुख जुट्ने छ । |
| **धनु** | तत्काल फाइदाले परिस्थिति बिग्रने छ । |
| **मकर** | स्रोतसाधन जुट्नाले लगानिमा उत्साहा आउने । |
| **कुम्भ** | सुखद् समाचारले उत्साह जगाउन छ । |
| **मीन** | नयाँ काम थालनी गर्ने अवसर मिल्ने छ । |

## प्रहरी तथा एम्बुलेन्स

| | |
|---|---|
| प्रहरी कन्ट्रोल क प्रहरी | १०० |
| जिल्ला प्रहरी (काठमाडौं) | ४२६१९४५/४२६१७९० |
| जिल्ला प्रहरी (ललितपुर) | ५५२१२०७ |
| जिल्ला प्रहरी भक्तपुर) | ६६१४८२१ |
| आकस्मिक प्रहरी सेवा | ४२२६९९९ |
| परोपकार एम्बुलेन्स सेवा | ४२६०८५९ |
| बिशालबजार एम्बुलेन्स सेवा | ४२४४१२१ |
| रेडक्रस एम्बुलेन्स सेवा | ४२२८०९४ |
| ललितपुर रेडक्रस एम्बुलेन्स सेवा | ५५४५६६६ |
| अग्रवाल सेवा केन्द्र | ४४२४८७५ |
| बाल हेल्पलाइन नेपाल | १०९८ |
| वालवालिका खोजतलास समन्वय केन्द्र | १०४/४२२६००६ |

## अस्पताल र विविध

| | |
|---|---|
| दमकल | १०१ |
| रक्तसञ्चार केन्द्र | ४२२५३४४ |
| नेपाल आँखा बैंक | ४४९३६८४ |
| नेपाल आँखा अस्पताल | ४२५०६९१ |
| मध्यपुर अस्पताल, भक्तपुर | ०१-६६३१६५८ |
| तिलगंगा आँखा अस्पताल | ४४९३६८४ |
| वीर अस्पताल | ४२२१९८८ |
| त्रिवि शिक्षण अस्पताल | ४४१२७०७ |
| प्रसूति गृह | ४२५३२७६ |
| टेकु अस्पताल | ४२५३३९६ |
| पाटन अस्पताल | ५५२२२७८ |
| भक्तपुर अस्पताल | ६६१०६७६ |
| मानसिक अस्पताल | ५५२१३३३ |
| कान्ति बाल अस्पताल | ४४१४७९८/४४२७४५२ |
| काठमाडौं मोडेल अस्पताल | ४२४०८०५र६ |
| बी एण्ड बी अस्पताल | ५५३३२०६ |
| मेडिकेयर नेसनल अस्पताल | ४४६७०६७ |
| मेडिकेयर नेसनल अस्पताल (एम्बुलेन्स) | ४४६७०६७ |
| फ्रेन्डस् अफ शान्ता भवन | ४४७०१८१ |
| नेपाल अर्थोपेडिक अस्पताल | ४४९३७२५ |
| काठमाडौं मेडिकल कलेज तथा शिक्षण अस्पताल, सिनामंगल | ४४७६१५२ |
| नेपाल मेडिकल कलेज तथा शिक्षण अस्पताल, जोरपाटी | ४९११००८ |
| कान्तिपुर डेण्टल हस्पिटल, महाराजगञ्ज | ४३७०१३६ |
| कान्तिपुर हस्पिटल, सुविधानगर, तिनकुने | ४१११९५७/८५८ |
| ओम हस्पिटल एण्ड रिसर्च सेन्टर | ४४७६२२५ |
| नर्भिक, थापाथली | ४२५८५५४ |
| सहिद गंगालाल राष्ट्रिय हृदय रोग केन्द्र | ४३७१३२२/४३७१३७४ |
| लाइफ केयर अस्पताल | ४२२७७३५ |
| मितेरी अस्पताल | ६६३१७३६र६६३४०१६ |
| क्यापिटल हस्पिटल (प्रा.) लि. | ४२४४०२२ |
| श्री सत्यसाइ निःशुल्क एम्बुलेन्सर शववाहन (पूर्व काठमाडौं) | ४४९८०३५ |
| निःशुल्क होमियो दातब्य | ४२५५५४०/४२५५५४१ |
| चिकित्सालयरशववाहन सेवा (काठमाडौं) भक्तपुर रेडक्रस | ६६१२२६६ |
| एम्बुलेन्सररक्तसञ्चार सेवा नेसनल किड्नी सेन्टर | ४३६३४५२/४३६०८८९ |
| मानसिक अस्पताल | ४४८०१७० |
| ह्याम्स अस्पताल, बुद्धनगर | ४७८४८४०/४७८५१५७ |
| ईशान बाल नर्सिंग होम तथा प्रसूति गृह (प्रा.) लि. | ४३५४५३७/४३८१९६२ |
| गोर्खा अस्पताल र रिसर्च इस्टिच्यूट | ४२५८५५२/४२५८५५१ |
| मनमोहन मेमोरियल अस्पताल, लैनचौर | ४४११६०५/४४२०८२३ |
| भरोसा अस्पताल प्रा.लि., बानेश्वर | ४४७४९६८/४४८९८९१ |

## शववाहन र विविध

| | |
|---|---|
| सामुदायिक मानसिक स्वा.से. केन्द्र, डांछी | ०१ ६९१२१४४ |
| जनमैत्री हस्पिटल, बालाजु | ४३६६३०१-०५ |
| विनायक अस्पताल तथा प्रसति गृह, गोंगबु | ४३८३१५२/४३८०८४८ |
| नेपाल चेम्बर अफ कमर्स | ४२३०२१३ |
| पशुपति आइघाट सेवा कन्द्र | ४४९२९९९ |
| देव कर्नर निःशुल्क शववाहन सेवा | ४४३४०९३ |
| नेपाल मिटर ट्याक्सी संघ | ४२२४३७४ |

## नेपाल राष्ट्र बैंक

१० माघ, २०८१ (२३ जनवरी, २०२५)

| मुद्रा | एकाइ | खरिद दर | बिक्री दर |
|---|---|---|---|
| भारतीय रुपैयाँ | १०० को | १६०।०० | १६०।१५ |
| अमेरिकी डलर | १ को | १३८.२२ | १३८.८२ |
| युरो | १ को | १४२.६७ | १४३.२९ |
| पाउन्ड स्टिर्लङ | १ को | १६८.६६ | १६९.४० |
| स्विस फ्रैन्क | १ को | १५१.३१ | १५१.९६ |
| अस्ट्रेलियन डलर | १ को | ८५.७३ | ८६.१० |
| क्यानाडियन डलर | १ को | ९५.५५ | ९५.९७ |
| सिङ्गापुर डलर | १ को | १०१.३१ | १०१.७५ |
| जापानी येन | १० को | ८.८४ | ८.८८ |
| चिनियाँ युआन | १ को | १८.९० | १८.९८ |
| साउदी अरब रियाल | १ को | ३६.८४ | ३७.०० |
| कतारी रियाल | १ को | ३७.९२ | ३८.०८ |
| थाई भाट | १ को | ४.०४ | ४.०५ |
| संयुक्त अरब इमिरेट दिराम | १ को | ३७.६३ | ३७.७९ |
| मलेसियन रिङ्गेट | १ को | ३०.७६ | ३०.९० |
| दक्षिण कोरियन वन | १०० को | ९.५३ | ९.५७ |
| स्विडिस क्रोनर | १ को | १२.४० | १२.४५ |
| डेनिस क्रोनर | १ को | १९.१२ | १९.२१ |
| हङकङ डलर | १ को | १७.७६ | १७.८३ |
| कुवेती दिनार | १ को | ४४८.०० | ४४९.९४ |
| बहराइन दिनार | १ को | ३६६.६६ | ३६८.२५ |

यो विनिमय दरलाई बैंकले आवश्यकता अनुसार जुनसुकै समयमा पनि संशोधन गर्न सक्नेछ । वाणिज्य बैंकहरूले ताक्ने विनिमय दर भने फरक हुन सक्नेछ । अद्यावधिक विनिमय दर बैंकको वेभसाइट www.nrb.org.np मा उपलब्ध हुनेछ ।

# सशस्त्र प्रहरी राष्ट्रिय गौरवको प्रतीक : गृहमन्त्री लेखक

काठमाडौं (प्रस)- गृहमन्त्री रमेश लेखकले सीमाको सुरक्षा र अवैध गतिविधि रोकथाम, विपद् व्यवस्थापन र शान्ति मिसनमा सशस्त्र प्रहरीले बलले पुऱ्याएको योगदानबाट सशस्त्र प्रहरीलाई राष्ट्रिय गौरवको प्रतीकका रूपमा उभ्याएको बताएका छन् ।

२४औं सशस्त्र प्रहरी दिवसका अवसरमा बुधबार हल्चोकमा आयोजित विशेष समारोहलाई सम्बोधन गर्दै उनले बाढी, पहिरो, आगलागी, भूकम्प, दुर्घटना, महामारीजस्ता प्राकृतिक वा मानवसिर्जित विपद् उद्धारका क्षेत्रमा सशस्त्र प्रहरीले गरेका कामको नेपाल सरकारले उच्च मूल्यांकन गरेको बताए ।

'दंगा तथा गम्भीर अशान्ति नियन्त्रण होस् वा दैवी प्रकोप र महामारीबाट प्रभावित जनताको उद्धारमा सशस्त्र बलले आफ्नो भूमिका निष्ठापूर्वक निर्वाह गरेको छ,' गृहमन्त्रीले भने, 'कठिन परिस्थितिमा पनि देश र जनताको सेवामा निरन्तर खटिने र प्राप्त जिम्मेवारी कुशलतापूर्वक निर्वाह गर्ने यहाँहरूको भूमिका मुलुकको शान्ति र स्थिरताका लागि अत्यन्त महत्त्वपूर्ण रहेको छ।'गृहमन्त्रीले संयुक्त राष्ट्रसंघको आह्वानमा शान्ति स्थापनार्थ विभिन्न मिसनमा व्यावसायिकताका साथ काम गरी नेपालको नाम उच्च बनाउने कार्यमा सशस्त्र प्रहरीको भूमिका महत्त्वपूर्ण रहेको बताए । उनले संयुक्त राष्ट्रसंघीय मिसनमा थप सहभागिताका लागि मन्त्रालय सकारात्मक रहेको बताए ।



सीमा तथा सीमास्तम्भको सुरक्षा, सीमापार अपराध, अवैध चोरीपैठारी, मानव बेचबिखन तथा लागुपदार्थको ओसारपसारलगायत अपराध नियन्त्रण गर्न सशस्त्र प्रहरी 'डेडिकेटेड' फौजका रूपमा रहेको उल्लेख गर्दै गृहमन्त्री लेखकले आगामी दिनमा सामाजिक कार्यमार्फत यस्ता अपराधलाई न्यूनीकरण गर्न अग्रसर हुन आग्रह गरे । सशस्त्र प्रहरी बलको सुदृढीकरणका लागि थप जनशक्तिको व्यवस्थासहित 'बोर्डर आउट पोस्ट (बिओपी)' स्थापनाको प्रयास भइरहेको उनको भनाइ छ ।

सरकार सशस्त्र प्रहरी बलको क्षमता वृद्धि, प्रविधिको विस्तार, जनशक्ति व्यवस्थापन र सुविधाको विस्तारमा सधैं प्रतिबद्ध रहेको जनाउँदै गृहमन्त्री लेखकले आगामी दिनमा सशस्त्र प्रहरीलाई अझ थप प्रभावकारी संगठनको रूपमा विकास गर्न आवश्यक सबै पक्षलाई बलियो बनाउन सरकार प्रयत्नशील रहेको बताए । इमान्दारितापूर्वक कर्तव्य निर्वाह गर्ने सन्दर्भमा आइपर्ने कुनै पनि समस्यामा सकल दर्जाको पेसागत सुरक्षाका लागि नेपाल सरकार र गृह मन्त्रालय अभिभावकत्व प्रदान गर्ने विश्वास दिलाउँदै उनले सशस्त्र प्रहरीसम्बन्धी कानुनलाई केही दिनभित्रै संसद्मा दर्ता गरिने बताए । सम्पूर्ण अधिकृतदेखि जवानसमेतको आवाजलाई समेटेर कानुनको तर्जुमा गरिएको जानकारी दिँदै उनले लामो समयदेखि सशस्त्र प्रहरी जवानहरूले उठाइरहेको १६ वर्षमा अवकाशमा जान पाउने प्रावधानलाई कानुनमा समावेश गरिएको बताए ।

मुलुकको अन्तर्राष्ट्रिय सीमालाई सुरक्षित राख्न दशगजाको सरसफाइ, अवैध संरचना र खेती हटाउने कार्यलाई समकक्षीसँग समन्वय गरेर अघि बढाइएको उनले बताए । उनले सीमा इलाकामा हुने अवैध चोरीपैठारी तथा सीमापार अपराध नियन्त्रणको कार्यलाई संगठनले उच्च प्राथमिकतामा राखेको जानकारी दिए । सबै सुरक्षा निकायसँग निकट समन्वयका साथ राज्यप्रदत्त कार्यादेशलाई कुशलतापूर्वक वहन गर्दै सरकारको निर्देशनलाई पालना गरेर सकलदर्जा परिचालित हुँदै आएको स्पष्ट पारे ।

समारोहमा गृहमन्त्री लेखकले अवकाश प्राप्त सशस्त्र प्रहरी नायब महानिरीक्षक नवराज विष्टलाई 'एपिएफ लाइफटाइम एचिभमेन्ट अवार्ड' र उत्कृष्ट कार्यसम्पादन गर्ने नं ३ गढीमाई बाहिनीका प्रहरी नायब महानिरीक्षक गणेशबहादुर ठाडामगरलाई 'उत्कृष्ट बाहिनी अवार्ड' प्रदान गरे।त्यसअवसरमा गृहमन्त्री लेखकले सशस्त्र प्रहरी बलले प्रकाशन गरेको 'एपिएफ वर्ष पुस्तक' लोकार्पण गरेका थिए ।

## सांस्कृतिक सम्पदाको पुनर्निर्माण कार्यमा तीव्रता

**काठमाडौं (प्रस)**– संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयले भूकम्पबाट क्षति भएका सांस्कृतिक सम्पदाको संरक्षण र पुनर्निर्माण कार्यलाई तीव्रता दिएको छ । चालु आर्थिक वर्षमा भूकम्पबाट क्षति भएका २५ वटा सांस्कृतिक सम्पदाको संरक्षण तथा पुनर्निर्माण कार्य गर्ने भनिएकोमा पुस मसान्तसम्मा २७ वटाको पुनर्निर्माण कार्य सम्पन्न गरेको मन्त्रालयले जनाएको छ ।

धादिङ, रसुवा, सिन्धुपाल्चोक र दोलखालगायतका जिल्लामा गत आवमा सञ्चालित २४ वटा गुम्बाको पुनर्निर्माण कार्य सम्पन्न गर्नुपर्नेम १३ वटा सम्पन्न भएको र पुरातात्त्विकस्थल संरक्षण आयोजनाअन्तर्गत निरन्तर कार्य भइरहेकामध्ये आव २०८०/०८१ मा २० वटा सम्पदाको संरक्षण कार्य गर्नुपर्नेमा हालसम्म ४० वटा सम्पन्न भएको सहसचिव रामकृष्ण लामिछानेले जानकारी दिए ।

त्यसैगरी मन्त्रालयले चालु आवको नीति तथा कार्यक्रम र बजेटअनुसार पर्यापर्यटन प्रवर्द्धनका लागि टाकुरा पर्यटकीय गन्तव्य तथा मनोरञ्जन पूर्वाधारसहितका 'इको हिल स्टेसन' निर्माणका लागि अवधारणापत्र तयार भई स्थान छनोटको प्रक्रियालाई अगाडि बढाएको छ । सहसचिव लामिछानेका अनुसार मन्त्रालयले वायुसेवा कम्पनीको सुरक्षा मापदण्ड परिचालनसम्बन्धी अनुगमन सम्बन्धमा हालसम्म तीनवटा कम्पनीको अनुगमन गरिसकेको छ । चालु आवको ५० हजारमध्ये १० हजार पाना अभिलेखको संकलन, सूचीकरण तथा वैज्ञानिक प्रविधिबाट रासायनिक तथा भौतिक संरक्षण एवं व्यवस्थापन मन्त्रालयले गरेको छ ।

त्यसैगरी सिम्रौनगढ क्षेत्रमा रहेका सम्पदाको संरक्षण कार्यत्रलाई निरन्तरता दिने क्रममा मन्त्रालयले बोलपत्रको सूचना प्रकाशन गरी बोलपत्रको मूल्यांकन गरी कार्यादेश प्रदान गरेको छ । 'चालु आवअन्तर्गत लुम्बिनी गुरुयोजनाको पूर्वी विहार क्षेत्रमा सडक सञ्जाल तथा सम्बन्धित निर्माण कार्य ६८ प्रतिशत सम्पन्न भएको छ र लुम्बिनी गुरुयोजनाको सांस्कृतिक केन्द्रमा सडक सञ्जाल तथा सम्बन्धित निर्माण कार्य र गुरुयोजना क्षेत्रमा विद्युतीकरण गर्ने कार्य ८४ प्रतिशत सम्पन्न भएको छ,' सहसचिव लामिछानेले भने ।

### कम्पनीको नाम परिवर्तन गरिएको सूचना

**दोस्रो पटक प्रकाशित मिति : २०८१/१०/१०**

मिति २०७९।०२।२५ मा दर्ता भएको **प्रा.लि.नं. २९१९१६** को **क्यूटिस एण्ड क्यूटिस सप्लार्यस प्रा.लि.** को सम्पूर्ण चलअचल सम्पत्ति ऋण, धन, दायित्व नाम परिवर्तित **दुल्से कस्मेटीक्स एण्ड सप्लिमेन्टस् प्रा.लि.**ले नै व्यहोर्ने सकार्ने गरी मिति २०८१।१०।०६ को निर्णयानुसार नाम परिवर्तन गरिएको व्यहोरा सम्बद्ध सबैको लागि जानकारी गराइन्छ ।

### ओम बहादुर विश्वकर्माको नाममा घर खाली गर्न ३५ (पैतीस) दिने सार्वजनिक सूचना

संखुवासभा जिल्ला स्थायी घर भई हाल का.म.न.पा.वडा नं. ६ बौद्धस्थित पदमराज शाक्यको नाममा चावहिल मालपोत कार्यालयमा दर्ता श्रेस्ता कायम रहेको कि.नं.४४५ मा बनेको ५ तल्ले घर पुरै मिति २०८०/०६/०१ गतेदेखि भाडामा लिई विगत ४ महिनादेखि भाडा नदिएको साथै सम्पर्क विहिन भएकोले आजको मितिले ३५ (पैतिस) दिनभित्र सम्पर्कमा आई बाँकी बक्यौता रकम चुक्ता गर्नु होला । अन्यथा कानून वमोजिम प्रक्रिया अगाडि बढाइने व्यहोरा यसै सूचनाद्वारा सुचित गराइन्छ ।

**पदमराज शाक्य**
**का.म.न.पा.वडा नं.६, बौद्ध, काठमाडौं**

### कम्पनीको नाम परिवर्तन गरिएको सूचना

**दोस्रो पटक प्रकाशित मिति: २०८१/१०/१०**

यस कम्पनीको मिति २०८१/०८/२७ मा सम्पन्न वार्षिक/विशेष साधारण सभाको निर्णय बमोजिम साविक कम्पनी **एक्सेस पाटनर्स नेपाल प्रा.लि.** को नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नुपर्ने सम्पूर्ण कर दायित्व आदि **काइनेटिक एच.आर. सोलुशन प्रा.लि.** (परिवर्तित नाम) कम्पनीले सकार्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रार कार्यालयको मिति २०८१/०९/२८ गतेको निर्णय अनुसार नाम परिवर्तन गरी **काइनेटिक एच.आर. सोलुशन प्रा.लि.** (प्रा.लि.नं.१६२४९५) कायम गरिएको व्यहोरा सम्बद्ध सबैका लागि जानकारी गराईन्छ ।

### सच्चाइएको सम्वन्धमा

यस रिलायन्स फाइनान्स लि.को मिति २०८१/१०/०७ गते प्रकाशित **Unaudited Financial Result (Quarterly) Second Quarter End of Fiscal Year 2081/082** को **Ratios as per NRB Directive** निम्न बमोजिम हुनुपर्नेमा अन्यथा भएकोले यो सूचना प्रकाशित गरिएको छ ।

| Particulars | Current Year | | Previous Year Corresponding | |
|---|---|---|---|---|
| | This Quarter Ending | Upto This Quarter (YTD) | This Quarter Ending | Upto This Quarter (YTD) |
| Capital Fund to RWA | | 10.88% | | 13.21% |
| Non-Performing Loan (NPL) to Total Loan | | 14.31% | | 9.67% |
| Total Loan Loss Provision to Total NPL | | 54.36% | | 70.53% |
| Cost of Funds | | 6.77% | | 9.27% |
| Credit to Deposit Ratio | | 80.41% | | 79.45% |
| Base Rate | | 9.45% | | 12.49% |
| Interest Rate Spread | | 4.56% | | 4.59% |

**RELIANCE FINANCE LIMITED**
रिलायन्स फाइनान्स लिमिटेड
**Head Office:** Reliance Bhawan, Kamaladi, Kathmandu
वित्तीय सेवाको अर्को परिभाषा

### सच्याइएको

यस **Imperial Overseas Pvt.ltd** को Lot No. 3286492 को श्रम ईजाजत नं.८१६/०६५/०६६ भएको विज्ञापन भूलवस मिति २०८१ माघ ९ गतेको प्रभाव दैनिक (वर्ष ११ अंक २६७) मा प्रकाशन हुन गएकोले उक्त सूचना रद्द गरिएको व्यहोरा सम्पूर्णमा जानकारी गराइन्छ ।

**IMPERIAL OVERSEAS PVT. LTD.**
Govt. Lic. No. 816/066/067
Sinamangal-9, Gairidhara, Kathmandu, Nepal.Tel: +977-1-4485530, Mobile: 9818851067
Email: imperialovs2009@gmail.com, imperialoverseas@hotmail.com,Website:- imperialoverseas.com.np

### एनएमबि बैंक लिमिटेड
बबरमहल, काठमाडौं फोन नं.: ५३४६१६०
**हकदावी गर्न आउने बारेको ३५ (पैंतीस) दिने सार्वजनिक सूचना**
प्रकाशित मिति: २०८१/१०/१०

यस बैंकका निक्षेपकर्ता श्री चन्द्र शेखर प्रसाद दाहालको नाति श्री श्याम प्रसाद दाहालको छोरा, मोरङ्ग जिल्ला, विराटनगर महानगरपालिका वडा नं. ८ घर भई हाल मोरङ्ग जिल्ला, विराटनगर महानगरपालिका वडा नं. ०८ बस्ने वर्ष ६७ को श्री जय कुमार दाहाल (ना.प्र.नं. ३६७, जारी मिति २०३३-०५-१८, जारी जिल्ला मोरङ्ग) को मिति २०८१/०८/१८ गते निधन भएकोले मृतकको नाममा यस बैंकमा खोलिएको खातामा रहेको रकमहरु उपलब्ध गराई दिनुहोस् भनि निजको एकाघरको श्रीमती प्रमिला खतिवडाले मृत्यु दर्ताको प्रमाणपत्र, नाता प्रमाणपत्र लगायतका कागजातहरु समेत संलग्न गरी निवेदन दिनु भएको हुँदा निज निक्षेपकर्ताको निक्षेपमा अन्य कुनै व्यक्तिको हकदावी रहेको भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र हकदावी गर्न आउनु हुन अनुरोध छ । अन्यथा उपरोक्त बमोजिमको निक्षेप रकमहरुमा निवेदकको माग बमोजिम मृतकका श्रीमती प्रमिला खतिवडाको हक कायम हुने हुँदा सम्वन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

### फिक्कल गाउँपालिका
### गाउँकार्यपालिकाको कार्यालय
**खाङ्साङ, सिन्धुली**
**बागमती प्रदेश, नेपाल**

**सिलबन्धी दरभाउपत्र आव्हान सम्बन्धी सूचना**

प्रथम पटक प्रकाशित मिति:-२०८१/१०/१०

यस फिक्कल गाउँपालिकाको आ.व.०८१/८२ मा स्वीकृत (संघिय विशेष अनुदान) कार्यक्रम अन्तर्गत तल उल्लेखित कार्य दरभाउपत्रको माध्यमबाट गराउनुपर्ने भएको हुदा इजाजत प्राप्त व्यवसायीहरुबाट मिति २०८१/१०/२५ (Feb.०७, २०२५) १२.०० PM भित्र सार्वजनिक खरिद अनुगमन कार्यालयको वेबसाइट www.bolpatra.gov.np/egp बाट Online Bidding गर्न सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४० (३) को प्रयोजनार्थ सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरीएको छ ।

| S.N. | Contract No. | Description of works | Bid Security amount | Price of Bid document | Estimated cost without VAT | Bid Validity Period |
|---|---|---|---|---|---|---|
| 1.0 | FRM/Sindhuli/Goods/SQ/07/081-82 | Procurement of Cement and Plastic Drums. | Rs. 25,000.00/- | Rs. 1000/- | Rs.10,25,000.00 /- | 45 days |

नोट:- दरभाउपत्र सम्बन्धि अन्य कुरा बुझ्न परेमा www.phikkalruralmun.gov.np हेर्नहुन वा phikkalruralmun@gmail.com वा यस कार्यालयको फोन नं.९८५४०४५४६२ मासम्पर्क गर्नहुन अनुरोध गरिन्छ ।

**प्रमुख प्रशासकीय अधिकृत**

### Dharan Sub Metropolitan City
**Office of Municipal Executive**
**Invitation for Bids**

Invitation for Bids No: 10/DHARAN/GOODS/NCB/081/82
Date of publication:-23-01-2025 07:00 AM

1.Dharan Sub Metropolitan City invites electronic bids from Nepalese eligible bidders for the Supply and Delivery of Medicine under National Competitive Bidding procedures. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at the office of Dharan Sub- Metropolitan City Office, Dharan.
2.Eligible Bidders may obtain further information and inspect the Bidding Documents at PPMO website www.bolpatra.gov.np/egp. The Last Date for Bid Submission Deadline is 23-02-2025 12:00 and Opening Date of bid is 23-02-2025 12:00

### युएइमा रोजगार
कम्पनी : RESOURCES FOR EMPLOYMENT
पूर्व स्वीकृति मिति : २०८१/१०/०९ | LT. No. 317528 | चलानी नं. ६०२३१७६३

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Labourer / Helpers | 50 | 0 | 1100 | ४१,२२९ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Masion | 20 | 0 | 1300 | ४८,९६२ | | | | | | | |
| 3 | STEEL FIXER | 15 | 0 | 1300 | ४८,९६२ | | | | | | | |
| 4 | Suttering Carpenter | 15 | 0 | 1300 | ४८,९६२ | | | | | | | |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ माघ १७ गते (30 Jan. 2025) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**MASHAREQ INTERNATIONAL OVERSEAS PVT.LTD**
Sinamangal-9, Kathmandu, Nepal, Tel: +977-1-4599763, 458335, 985-1018169
Email: masthareqoverseas@gmail.com, Website: www.mashareqoverseas.com.np

### युएइमा रोजगार
कम्पनी : AL DAR AL MUBARAK CLEANING SERVICES
पूर्व स्वीकृति मिति : २०८१/१०/०९ | LT. No. 317519 | चलानी नं. ६०२३१८८७

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | TILE LAYER | 25 | 0 | 1200 | ४४,९९५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ माघ २० गते (2nd Feb. 2025) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**G.R. Manpower Service Pvt. Ltd.**
Samakhusi- 26, Kathmandu, Nepal. Tel : +977-1-4355695 E-mail: grmanpower861@gmail.com
श्रम ईजाजत नं. ८६१/०६६/०६७

### साउदीमा रोजगार
कम्पनी : Al Ayuni Investment & Contracting Company
पूर्व स्वीकृति मिति : २०८१/१०/०७ | LT. No. 317350 | चलानी नं. ६०२३१५८३

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | HEAVY DRIVER TRAILER | 99 | 0 | 1800 | ४४,७७३ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ माघ १७ गते (30th Jan. 2025) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Global Sourcing Group Pvt.Ltd (Trans Asia Manpower Pvt.Ltd)**
Milijuli Marg, Maharajgunj/ Chakrapath-3, Kathmandu, Nepal
Tel : 01-4016163, 01-4016164, Email : info@gsgroup.com.np, www.gsgroup.com.np
Lic No. 1159/074/074

### युएइमा रोजगार
कम्पनी : City Sky Building Cleaning And Security Services L.L.C
पूर्व स्वीकृति मिति : २०८१/१०/०९ | LT. No. 317531 | चलानी नं. ६०२३१७४४

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaner | 0 | 12 | 1000 | ३७,४९५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय ललितपुरमा मिति: २०८१ माघ १७ गते (30th Jan. 2025) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Humour Overseas Pvt. Ltd.**
Gwarko-7, Lalitpur, Tel No. +977-01-5528563, 5531210, 5525424
Email : humouroverseas777@gmail.com, infohumour@gmail.com, www.humouroverseas.com
श्रम ईजाजत नं. ७७७/०६५/०६६

### Shuklaphanta Municipality
### Jhalaari, Kanchanpur
**Sudurpaschim Pradesh**
**Office of Municipal Executive**

**Invitation for Bids**

*(First Date of Publication: 2081/10/10 [2025-01-23])*

| Contract ID | Project Description | Estimated Amount (Without VAT Contingency including PS) (NRs.) | Bid Bond Security, 120 days Validity (NRs.) | Date and Time of Bid Submission | Date and Time of Bid Opening |
|---|---|---|---|---|---|
| SMP/ 081-82/ NCB/ CW/26 | Upgrading of gravel road (Pani Pitch) in ward no 1,2,3 and 12 of Shuklaphanta Municipality | 6354896.75 | 190000.00 | 2081/11/12 (2025-Feb- 24) 12:00 PM | 2081/11/12 (2025-Feb- 24) 13:00 PM |

| Cost of bidding document: Rs.3000 should be deposited at: | Bid Bond Security amount should be deposited at: |
|---|---|
| • Name of the Bank: Everest bank ltd, Jhalari branch, Kanchanpur<br>• Name of Account: GA-1.1 AANTARIK RAJASWA KHATA<br>• Office Account No.: 05910106200002 | • Name of the Bank: Everest bank ltd, Jhalaari branch, Kanchanpur<br>• Name of Account: GA-3 STHANIYA TAHA DHARAUTI KHATA<br>• Office Account No.: 05910106200016 |

प्रभाव दैनिक
National Daily

## सम्पादकीय

### ‘कार्टेलिङ’ तत्काल बन्द गराऊ

**आर्थिक मन्दीले व्यापारी, व्यवसायीदेखि उद्योगी मारमा परेका छन् । मन्दी घटेर बजारमा सन्तुलन आइसकेको दाबी सरकारले गर्दै आएको धेरै भइसक्यो । मन्दी र सरकारको दाबीको ‘ग्याप’मा बसेर उद्योगीले भने ‘कार्टेलिङ’ गर्दै मूल्य बढाइरहेका छन् । कार्टेलिङ भनेको मिलेमतोमा मूल्य निर्धारण गर्नु हो । यो कानुनतः अवैधानिक कार्य हो । यसरी कार्टेलिङ गर्नेमाथि सरकारले कारबाही गर्नुपर्नेमा उल्टै यसलाई वैधता दिने काम गरेको छ । जुन उपभोक्तामाथिको लुट नै हो ।**

**खुलाबजार नीतिलाई मान्य हो भने एउटा उद्योगीले अर्को उद्योगीसँग प्रतिस्पर्धा गर्न मूल्य घटाउने वा गुणस्तर बढाएर मूल्य पनि बढाउने गर्छन् । तर ग्राहकलाई मारमा पार्न अहिले उद्योगीहरू मिलेर सिमेन्टको मूल्य एउटै राखेको भेटिएको छ । वस्तु वा सेवामा सीमित व्यक्तिले नियन्त्रण गर्नु उपभोक्ता र खुला बजारविरुद्धको अपराध हो । त्यो पनि दोब्बरसम्म मूल्य बढाएर । यो मूल्यवृद्धिबारे पटक–पटक निर्माण व्यवसायीले आवाज उठाए पनि कतै सुनुवाइ भएन । किनभने अधिकांश राजनीतिक नेता, सरकारसमेत उद्योगीको पक्षमा देखिए । दोब्बरसम्मको मूल्य बढेपछि भने यो विषयले संसदको समितिमा प्रवेश पाएको छ । निर्माणको सिजन चल्नासाथ उद्योगीले विभिन्न कारण देखाउँदै सिमेन्टको मूल्य बढाएको देखिन्छ ।**

**उनीहरूले पहिलो कारण लोडसेडिङलाई देखाएको छ । त्यसपछि सिमेन्टको कच्चा पदार्थका कारण पनि लागत बढेको तर्क अघि सारेको छ । जबकि यो मूल्यमा पनि उद्योगीले मनपरि मूल्य राखिदिएको देखिन्छ । भारत निर्यात गर्दा सस्तोमा पठाउने तर नेपाली बजारमा चर्को मूल्य लिनु नै निकै अस्वाभाविक देखिन्छ । सरकारले नेपालमा लगानीमैत्री वातावरण बनाउन भन्दै अध्यादेश जारी गरेको छ । यो अध्यादेशको चौतर्फी प्रशंसा पनि भएको देखिन्छ । तर खुला बजारमा जसले जति पनि मूल्य निर्धारण गर्न पाउने भन्दै सरकारले यस्तो खाले छाडा मूल्य तोक्ने छुट दिनुहुन्न ।**

**उद्योगीलाई प्रोत्साहन गर्न विद्युत् प्रवाह खोलिदिने काम सरकारको हो । बजार व्यवस्थापन गरिदिने काम सरकारको हो । तर अत्याधिक मूल्यवृद्धिमा साथ दिने हैन । सत्तापक्षकै सांसदहरूले सिमेन्टमा मूल्यवृद्धि आकाशिएको प्रमाण पेस गर्दासमेत उद्योगमन्त्री दामोदर भण्डारी भने उद्योगीको बचाउमा उत्रिए लेखा समितिमा । जनताको सेवा गर्न सरकारमा पुगेको व्यक्तिले यसरी कालोबजारीको संरक्षण गर्न कति पनि उचित हुन्न । लेखा समितिले मूल्य बढाउनु प्रथम दृष्टिमै अस्वाभाविक भन्दै तत्काल यो नियन्त्रण गर्न निर्देशन दिइसकेको छ । यसलाई अल्याङटल्याङ गर्ने काम मन्त्रालयबाट नहोस् । कार्टेलिङलाई वैधता दिने काम तुरुन्त बन्द होस् । यस्तो विकृत काम गर्नेलाई कारबाहीको दायरामा ल्याइयोस् ।**

# युवालाई स्वदेशमै राख्न यी काम गरौं



■ अमृता अनमोल

धेरै युवा आफ्ना लागि आफ्नै देशमा केही नयाँ सोच र योजनासहित आफूले काम गरौं भन्ने चाहन्छन् । त्यसका लागि राज्यले श्रमबजारको मागअनुरूप सीपयुक्त श्रम शक्तिको विकास गर्नुपर्छ । बजारको मागअनुसार जनशक्ति उत्पादन र आपूर्ति गर्नुपर्छ । श्रमिक र रोजगारदाताबीच श्रम अनुसारको पारिश्रमिक दिने वातावरण बनाइदिनुपर्छ । उद्यमशीलताको विकास गर्न, श्रमिक र रोजगारदाताबीचको सम्बन्ध बढाउन एवं न्यून ज्यालाको समस्या हटाउन सरकारी अनुगमन र निरीक्षण जरुरी छ ।

गुल्मीको सिमलटारीका विकास पराजुली उच्च शिक्षा अध्ययनका लागि २०६५ सालमा बुटवल झरे । त्यसको तीन वर्षपछि पत्रकारिता सुरु गरे । ३२ वर्षीय विकासले बुटवलको लुम्बिनी टेलिभिजनसँगै काठमाडौंको एक अनलाइनलगायतका सञ्चारमाध्यममा काम गर्थे । खोज पत्रकारिता र भिडियोग्राफ्रीमा उनको राम्रो दख्खल थियो । उही विकासले पत्रकारितामात्र होइन, देश नै छाडे । उनी पुस दोस्रो साता देश छोडेर दक्षिण अमेरिकाको चिली गए । उनले पुस २१ मा चिली पुगेपछि लेखे, ‘विवाह, परिवार, बालबच्चाको जिम्मेवारीले थिचिँदै जाँदा सहरमा भाडामा बसेर एक पत्रकारको पाखुराले धान्न पक्कै गाह्रो रहेछ । सहरमा घर, घडेरी त यो कर्मबाट सोच्नुपरेको हुने महसुस गरेपछि मेरो मन पनि सञ्चार कर्मलाई तत्काल स्थगित गर्ने निचोडमा पुगेको हुँ । जीवनको एउटा ऊर्जावान् समय पत्रकारिता बिताएपछि अहिले केही कमाउन सकिन्छ कि भनेर पृथ्वीको एउटा कुनाबाट पल्लो छेउ आइपुगेको छु ।’

पाल्पाको रिब्दिकोटका मुक्तिराम न्यौपाने कामको खोजीमा २०६२ मा बुटवल झरे । बुटवलमा खाजा पसल खोले । कमाइ बढ्न थालेपछि बुबाआमालाई समेत गाउँ छोडेर सहर ल्याए । खाजा पसलको बुबाआमा, श्रीमती, छोराछोरीसहित छ जनाको परिवारको गर्जो चलाइरहेका थिए । कोभिडपछि खाजाघरको चलहपहल घट्दै गयो । तर, छोराछोरी हुर्कंदै जाँदा पढाइ खर्च बढ्दै गयो । विस्तारै खाजाघरको कमाइले धान्न सकेन । तिनै कमल ३६ वर्षको उमेरमा खाजाघर छोडेर विदेश गए । पुस अन्तिम साता उनी व्यवसाय बन्द गरेर फिनिडा पुगेका हुन् । ‘विदेश जान्न स्वदेशमै बस्छु भनेर उर्वर समयमा विदेश जाने मन गरिनँ । कमाएकाले खान पुगेको थियो । ठिकै थियो । तर, महँगी बढेको बढ्यै भयो । खानादेखि छोराछोरीको पढाइको खर्च धान्न यहाँ कमाएकाले पुगेन । त्यसैले खाजाघर बन्द गरेर विदेसिन बाध्य भएँ । खाजाघर चलाएको यहाँको अनुभवले फिनिडाको होटलमा काम गर्ने योजना छ,’ मुक्तिरामले सुनाए ।

अवसर खोज्दै व्यक्ति एक ठाउँबाट अर्को ठाउँ वा एक देशबाट अर्को देशमा जानु सामान्य हो । अन्तर्राष्ट्रिय अभ्यास पनि हो । यसैले अवसरको खोजीमा हुने पलायन र बसाइँसराइलाई अन्तर्राष्ट्रिय मुद्दा मानिन्छ । भनिन्छ, अवसरको खोजीमा हुने पलायन र बसाइँसराइले एक स्थानको श्रम, शक्ति, सभ्यता र संस्कृति अर्को ठाउँमा पुग्छ । त्यसक्षेत्रको विकास र समृद्धिमा सघाउँछ । त्यो राम्रै कुरा हो । विकसित देशले वस्तु निर्यात गरेसरह मान्छेको श्रम पनि किन्छन् । त्यही किनाइमा घर, गाउँ नै रित्तो बनाउनेगरी भयो भने त्यो दुःखद हुँदोरहेछ । अहिले नेपालमा त्यही भइरहेको छ । घर, गाउँहुँदै सहर नै युवाविहीन हुन थालेका छन् ।

नेपालमा १६ देखि ४० वर्ष उमेर समूहका व्यक्तिलाई युवा मानिन्छ । राष्ट्रिय जनगणना २०७८ अनुसार नेपालमा युवाको जनसंख्या ४२.५६ प्रतिशत अर्थात् एक करोड २४ लाख १२ हजार १७३ छ । युवा परिवर्तनका संवाहक मानिन्छन् । काम गर्ने जोस, जागर र हिम्मत बोकेका व्यक्ति ठानिन्छन् । यति ठूलो युवा जनसंख्या भएका बेला देशले विकास र परिवर्तनमा फड्को मार्नुपर्ने बेला हो । विडम्बना जनगणनाकै तथ्यांकअनुसार देशमा १९.८ प्रतिशत युवा पूर्ण बेरोजगार छन् । ३६ प्रतिशत युवा अर्धबेरोजगार छन् । अहिले युवा जम्मा हुने, योजना निर्माण गर्ने, अनुभव साटासाट गर्ने, युवा सूचना प्राप्त गर्ने, समीक्षा तथा मूल्यांकन गर्ने स्थान र वातावरणको खाँचो छ । तर, स्वदेशमा यस्ता ठाउँहरूसमेत बनाइदिन सकेका छैनौं । यसैले धेरै युवा अहिले आफ्नो भविष्य स्वदेशमा होइन, विदेशमा खोजिरहेका छन् । विदेश जाने भिसा लागेको दिन युवाहरू जीवनको स्वर्णिम ढोका खुलेको ठान्न थालेका छन् । कोही पढ्ने नाममा त कोही कमाउने नाममा स्वदेश छोडेको छोड्यै छन् । घर, गाउँहुँदै अहिले सहरबजार पनि युवाविहीन बन्दै गएका छन् ।

युवालाई स्वदेशमै बस्ने र स्वदेशमै भविष्य खोज्ने बनाउन के गर्ने ? विदेश जाने युवाको लर्को बढिरहेका बेला हरेक ठाउँमा यस्तो बहस चलेको सुनिन्छ । तर, देशको आर्थिक, सामाजिक, राजनीतिक र सांस्कृतिक रूपान्तरणको चाहना बोकेका युवा के चाहन्छन् ? त्यसबारेमा भने खासै छलफल हुँदैन । यसले युवाहरू विदेश पलायन हुने परिपाटी अझ बढेको छ ।

वैदेशिक रोजगारीमा जाने धेरैजसो तीनथरि युवा देखिन्छन् । एकथरि युवा सम्पन्न परिवारमा हुर्किएका हुन् । उनीहरू जमिनदार, नेता, प्रशासकका छोराछोरी हुन् । ती युवा आफ्नो पुर्ख्यौली सम्पत्ति बोकेर उच्च शिक्षाका नाममा विदेश जान्छन् । पढाइभन्दा पनि उनीहरू कसरी त्यहाँ व्यवस्थित भएर भन्ने ध्याउन्नमा हुन्छन् । अभिभावकले कमाएको रकम उतै लैजान्छन् । यस्तो पलायनलाई रोक्न राज्यले युवा होइन, विदेशी नागरिक बनाउने नेता, प्रशासकलाई अवसर र सुविधाबाट वञ्चित गर्नुपर्छ ।

दोस्रोथरि धेरै युवा कमाउँदै पढ्दै गर्न विदेश पलायन हुन्छन् । उनीहरूको देखाउने काम पढ्ने भए पनि प्रमुख काम कमाउने हो । कमाउँदै पढ्दै गर्छन् । काम गरेर केही जोड्छन् । आफूले स्वदेशमा भन्दा उता सुखसुविधा पाउने भएपछि उतै बस्ने प्रक्रिया थाल्छन् । मध्यमवर्गीय समुदायका यी युवाका लागि स्वदेशमै पढ्दै रोजगारी गर्दै गर्ने अवस्था हुने हो भने विदेश जान रोकिन्छन् । धेरै युवा अहिले काम गर्दै कमाउँदै गर्न चाहन्छन् । तर, नेपालमा कमाउँदै पढ्दै गर्न पाइने व्यवस्था छैन । सरकारले पढ्दै कमाउँदै गर्ने कार्यक्रम ल्याउने चर्चा धेरै गरेको छ । तर, अहिलेसम्म बताउने खालका युवाका कार्यक्रम छैनन् । संघीय सरकार, प्रदेश र स्थानीय सरकार सबैले देशमा पढ्दै, कमाउँदै गर्ने व्यवस्था हो भने धेरै युवा विदेश पलायन हुनबाट रोकिने छन् ।

तेस्रोथरि युवा रोजगारीका लागि देश छाडेका हुन्छन् । उनीहरू धेरै मध्ययम र निम्न वर्गका युवा हुन् । स्वदेशमा रोजगारी नपाएर वा पाएको रोजगारीबाट परिवारको गुजारा नचल्ने भएपछि वैदेशिक रोजगारीमा गएका हुन्छन् । त्यसका लागि युवालाई रोजगारीमा जोड्नुपर्छ । औद्योगिक विकासअन्तर्गत साना, मध्यम, र ठूला उद्योगहरूको स्थापना गरी रोजगारीका अवसरहरू सिर्जना गर्नुपर्छ । युवालाई बजारमा बिक्नेखालका सीपमूलक तालिम, स्वरोजगारी र उद्यमशीलताका लागि आवश्यक तालिम दिनुपर्छ । स्वदेशमै रोजगार प्रवर्द्धन गर्न सरकारी अनुदान र सहज ऋणको व्यवस्था गर्नुपर्छ ।

एक उपायले मात्रै युवा स्वरोजगार बढाउन र युवाको पलायन रोकिदैन । त्यसका लागि तीनै तहका सरकारले स्थानीय स्रोत र साधनको पहिचान गर्ने जनशक्तिलाई रोजगार दिने नीति, भौगोलिक, अलौकिकपन झल्किने क्षेत्रको गरी पर्यटन व्यवसाय सञ्चालन गर्नुपर्ने हुन्छ । प्राविधिक शिक्षा बढाउने र युवाको रोजगारको समयको दर वृद्धि गर्ने हो भने केही हदसम्म धन कमाउने सपना बोकेर विदेसिन खोज्ने युवालाई नेपालमै रोक्न सकिन्छ ।

धेरै युवा आफ्ना लागि आफ्नै देशमा केही नयाँ सोच र योजनासहित आफूले काम गरौं भन्ने चाहन्छन् । त्यसका लागि राज्यले श्रमबजारको मागअनुरूप सीपयुक्त श्रम शक्तिको विकास गर्नुपर्छ । बजारको मागअनुसार जनशक्ति उत्पादन र आपूर्ति गर्नुपर्छ । श्रमिक र रोजगारदाताबीच श्रम अनुसारको पारिश्रमिक दिने वातावरण बनाइदिनुपर्छ । उद्यमशीलताको विकास गर्न, श्रमिक र रोजगारदाताबीचको सम्बन्ध बढाउन एवं न्यून ज्यालाको समस्या हटाउन सरकारी अनुगमन र निरीक्षण जरुरी छ ।

तीन तहकै सरकारले युवाको सीप, शिक्षा र उद्यमशीलता विकासका कार्यक्रमहरूलाई प्रभावकारी बनाउन आवश्यक छ । दीर्घकालीन समाधानका रूपमा, उद्योग, कृषि, पर्यटन र सूचना प्रविधिमा युवाहरूलाई आकर्षित गर्ने खालका ठूला विकासका परियोजनाहरू सुरु गर्नुपर्छ । विदेश पलायन हुन लागेको युवालाई रोक्न उद्यमशील सीप विकास तालिम प्रदान गर्ने, सीप सिकेका युवालाई बैंक तथा वित्तीय संस्थाबाट व्यवसायका लागि सहुलियत ब्याजमा ऋण उपलब्ध गराउने, युवालाई प्राविधिक तथा सूचना प्रविधि सम्बन्धित तालिम दिएर स्वदेशमै रोजगार सुनिश्चित गर्न सकिने छ ।

शिक्षालाई वैज्ञानिक, व्यावहारिक र सीपमूलक बनाउँदै श्रमसँग जोड्ने हो भने युवाको पढाइले बेरोजगार बन्नुपर्ने छैन । प्राविधिक शिक्षा र रोजगारीसहितका सीपमूलक कार्यक्रम ल्याउने हो भने सीपअनुसार युवाले स्वदेशमै काम पाउने छन् । कामअनुसारको आम्दानी भए युवा पलायन रोक्न सकिने छ । कृषि उत्पादनमा युवालाई जोड्न सकियो भने स्थानीय उत्पादनलाई व्यावसायिक र ‘लेबलिङ’ एवं ‘ब्राण्डिङ’ गर्न सकिने छ । यसले युवामा रोजगारीको अवसर र आत्मविश्वास बढाउन सकिने छ ।

देशको आर्थिक, सामाजिक तथा शासकीय पद्धतिको रूपान्तरणमा युवाको भूमिका ठूलो छ । यसर्थ, युवाका लागि रोजगारीमा जोड्ने शिक्षासँगै देश र समाजप्रति दायित्वबोध गराउने र श्रमप्रति सम्मान गर्ने संस्कारको विकास गर्न जरुरी छ । यसले शिक्षा र रोजगारीको खोजीमा विदेश जाने युवाको संख्या घटाउन सकिने छ । विदेशमा सिकेको शिक्षा सीप एवं रकमलाई स्वदेशमा ल्याएर युवाहरूलाई स्वदेशमा बस्ने र स्वदेशमै भविष्य खोज्ने बनाउन सकिने छ । युवालाई स्वदेशमै रोक्नका लागि सरकारले मात्र होइन, निजी क्षेत्र, गैरसरकारी संघसस्था र समुदायको पनि सहकार्य आवश्यक छ । युवाशक्ति देशका मेरुदण्ड हुन् सरोकारवाला सबैले उनीहरूलाई स्वदेशमा सही अवसर र वातावरण प्रदान गर्नुपर्छ । युवाका नयाँ विचार र प्राविधिक ज्ञानलाई देशको विकास, राजनीति र निर्णय प्रक्रियामा लगाउन हरेक क्षेत्रमा सहभागी गराउनुपर्छ । *रासस*

## श्रम सरोकार

### वैदेशिक रोजगारीमा जाँदा ठगिनबाट कसरी जोगिने ?

वैदेशिक रोजगारी नेपालीहरूको बाध्यता बनेको छ । रोजगारीका लागि विभिन्न मुलुकमा जाने क्रममा पाइलापाइलामै ठगिने गरेका घटनाहरू प्रशस्त घटेका छन् । त्यसैले तपाईं वैदेशिक रोजगारीका लागि जाँदै हुनुहुन्छ भने ठगिनबाट जोगिन यी विषयमा ध्यान दिन जरुरी छः

आफ्नो नागरिकता, पासपोर्ट आफैं बनाउने । वैदेशिक रोजगारको डिमाण्ड बुझ्न इजाजतप्राप्त म्यानपावर कम्पनीमा सीधा सम्पर्क राख्ने । कुनै पनि एजेन्ट, सब एजेन्टहरूसँग सम्पर्क नराख्ने । प्रत्येक त्यस्ता एजेन्ट, सब एजेन्टले कमिसनमा काम गर्ने हुँदा तिनिहरूमार्फत जाँदा कामदारहरूले बढी खर्च तिर्नुपर्ने हुन्छ । रोजगारबारे विस्तृत र आधिकारिक जानकारी म्यानपावर कम्पनीकै जिम्मेवार व्यक्तिबाट लिने । विदेशमा कुनै आफन्त या साथी भए उनीहरूमार्फत पनि रोजगारदाता कम्पनीबारे जानकारी लिने । पत्रिकामा निस्किने विज्ञापन र त्यहाँ उल्लेखित जानकारीहरू, तलब, सर्त, सुविधा, खर्च आदिको अध्ययन गर्ने, सत्यता रूजु गर्ने । कम्पनीकै बारेमा कुनै शंका लागे खारेजीमा परेको हो होइन आफैंले सोधपुछ गर्ने ।

स्वास्थ्य परीक्षण गर्न गराउन पनि म्यानपावर कम्पनीले तोकिदिएको संस्थामा जाने, संस्था स्वीकृति प्राप्त हो, होइन, जाँच्न सकिन्छ, यसमा पनि कुनै एजेन्टको सहयोग नलिने । म्यानपावर कम्पनीले तोकेको खर्च केका लागि हो, जायज हो होइन राम्रोसँग बुझ्ने । अन्तरवार्तामा छनोट नभई, सबै कुराहरू रोजगारका सर्त, सुविधा, खर्च आदि आफूलाई चित्त नबुझी पासपोर्ट कसैलाई पनि नदिने । सबै कुरा चित्त बुझेर ढुक्क भएपछि मात्र म्यानपावर कम्पनीले मागेको रकम दिने, भिसा लागिसकेपछि मात्र पूरा रकम दिने र बुझाएको सबै रकमको रसिद अनिवार्य लिने । बुझाएको वास्तविक रकमभन्दा कमको रसिद स्वीकार्नु हुँदैन ।

हाल वैदेशिक रोजगार विभागबाट श्रम स्वीकृति प्राप्त भएपछि मोबाइलमै पनि एसएमएसमार्फत आफ्नो भावी रोजगार गन्तव्यबारे जानकारी लिनसकिने व्यवस्था छ, यो सुविधाको उपयोग गर्ने । एयरपोर्ट जानुअघि नै सबै आवश्यक ११ किसिमका कागजातहरू बुझ्ने, साथमै राख्ने । कुनै पनि बहानामा म्यानपावर कम्पनी या तिनका एजेन्टहरूले अधिकतम रकमभन्दा बढी मागेमा दिनुहुँदैन, दिनैपर्दा सोही रकमको रसिद लिनुपर्दछ । सोही रसिदका आधारमा वैदेशिक रोजगार विभागमा ठगीको अभियोगमा म्यानपावर कम्पनीविरुद्ध उजुरी दिन सकिन्छ ।

## पाठक मञ्च

# व्यक्तिगत स्वार्थमा जताततै आन्दोलन, राष्ट्रिय स्वार्थमा छैन चासो

बैंक तथा वित्तीय संस्थापीडितहरूले धमाधम आन्दोलनको घोषणा गरिरहेका छन् । मिटरब्याजपीडितले माघ १४ गतेदेखि आन्दोलन थाल्दै छन् भने लघुवित्त पीडितहरू पनि आन्दोलनको तयारीमा जुटिसकेका छन् । सहकारीपीडित पनि आन्दोलनमा उत्रिने देखिएको छ । लामो समयदेखि भुक्तानी नपाएका निर्माण व्यवसायीले चरणबद्ध आन्दोलनको घोषणा गरिसकेका छन् ।

दूग्ध किसान, उखु किसान र कोरोनाताका गरिएको बिमाबापतको भुक्तानी नपाएकाहरू पनि आन्दोलन गर्ने भनिरहेका छन् । सटर, कोठा, फ्ल्याट बहालमा लिएर बस्नेहरू पनि आन्दोलनकै बाटोमा गइरहेका छन् । कि सरकारले भाडा निर्धारण गरिदिनुपर्ने कि ५० प्रतिशत घरधनीले घटाइदिनुपर्ने उनीहरूको माग छ । जोसुकै आन्दोलनमा उत्रिने भनिरहेका छन् तर सरकारलाई चासो छैन ।

बरु आफ्नो कार्यकर्ता कसरी पोस्न सकिन्छ ? भन्नमै सरकार केन्द्रित छन् । राष्ट्रपति रामचन्द्र पौडेलले भूमिसम्बन्धी अध्यादेश प्रमाणीकरण गरेका छन् । ११ लाखले सरकारी जग्गाको लालपूर्जा पाउने भएका छन् । तीमध्ये अधिकांश नेकपा एमालेको कार्यकर्ता छन् । एमालेनिकटहरू अर्को निर्वाचनमा एमालेको ५० लाख मत बढ्ने बताउन थालेका छन् । सरकारी जग्गा भनेको साझा सम्पत्ति हो । कसैले पनि भोटका लागि सरकारी सम्पत्तिको दुरूपयोग गर्न पाइँदैन । विडम्बना एमाले सरकारी सम्पत्ति बाँडेर पार्टी ठूलो बनाउने ध्याउन्नमा छ । २०५१ सालमा मनमोहन अधिकारी प्रधानमन्त्री हुँदा ७० वर्ष कटेकालाई ज्येष्ठ नागरिकभत्ता दिने व्यवस्था गरियो । एमालेले अहिलेसम्म पनि त्यसलाई चुनावी नारा बनाएको छ । एमालेले भत्ता बाँडेको भन्दै प्रचारप्रचार गर्छ ।

तर, त्यो कुनै एमाले नेताको खल्तीबाट दिइएको रकम होइन । जनताले तिरेको कर बाँडेको हो । नेताहरू त स्वार्थी भए भए, नेपाली जनता पनि फरक भएनन् । कोही धाक देखाउनमै व्यस्त छन् त कोही आफ्नो प्रचार गर्न । अहिले घोषणा गरिएको आन्दोलन पनि त्यही नै हो । आफ्नो रकमको लागि आन्दोलन गर्दै छन् । यद्यपि, देशमा भइरहेको यस्तो गलत निर्णयको विरोधमा आन्दोलन गर्ने कोही छैनन् ।

नेपालजति सार्वजनिक बिदा दिने देश सायदै कुनै होला । धोतीदेखि टोपी दिवससम्म मनाइन्छ । त्यतिबेला चाँहि उनीहरूलाई राष्ट्रियताको ख्याल आउँछ । अरु बेला आउँदैन् । नेतृत्वसहित जनता स्वार्थी हुँदा नेपालको यो अवस्था बनेको हो । विदेशी ऋण झण्डै २७ खर्ब पुग्न लागिसकेको छ । छिमेकीहरूले नेपाललाई रोबर्टजसरी चलाएको छ भने नेतृत्वले हामीलाई त्यसरी चल्न बाध्य बनाएका छन् ।

अधिकांश नेपाली भूभाग छिमेकीले कब्जा गरिसकेका छन् । जन्म दिने आमा र जन्मेको मातृभूमि सबैभन्दा महान् हुन्छ । तर, निर्माण व्यवसायी, दूध किसान, उखु किसान, अस्पतालहरू विदेशीबाट ऋण लिएर आफ्नो पैसा दिन माग गरिरहेका छन् । निर्माण व्यवसायीको ४५ अर्ब रूपैयाँ बाँकी छ भने दूध र उखु किसानको सात अर्ब । कोरोना बिमा गराएका अस्पतालहरू आफ्नो ११ अर्ब बक्यौता रहेको बताउँछन् ।

उनीहरूले सरकारलाई दबाब दिइरहेका छन् । राजनीतिक दलमार्फत पनि सरकारलाई दबाबमा पार्न खोजिरहेका छन् । विदेशसँग ऋण लिएर १७ अर्ब रूपैयाँ झार उखाल्दैमा सकाइयो । प्रधानमन्त्री रोजगार कार्यक्रमको नाममा यत्रो पैसा सखाप पारिदियो । यसको विदेशलाई निरन्तर किस्ता तिर्नुपरेको छ । झापामा चार अर्ब रूपैयाँमा भ्युटावर बनाइएको छ । देशका प्रधानमन्त्री केपी शर्मा ओली ऋणलाई देशले विकासमा फड्को मारेको बताउँछन् । ऋण लिएर घ्यु खाएर कहिलेसम्म चल्छ ? भ्युटावर बनाउँदा ल्याएको विदेशी ऋणको पनि मासिक ब्याज तिरिरहनुपरेको छ । भैंसीपाटीमा सुविधासम्पन्न उच्च पदस्थहरूको निवास बनाउँदा राज्यको ढुकुटी खर्लप्पै रित्तिएको छ । २१ अर्ब रूपैयाँमा बनेको सो उच्च पदस्थहरूको निवासबाट के हात लाग्यो ?

आफ्नो देशको बारेमा नसोच्ने पनि के जनता ? आफ्नो मातृभूमिको लागि हामी बोल्दैनौं । नेता र कर्मचारीले देश बेचिसकें तर जनता विरोध गर्दैनन् । चुपचाप दर्शक बनेर हेरिरहेका छौं । विरोध गर्ने कोही नभएपछि नेताहरूको मनोबल बढ्नु स्वाभाविकै हो । अबको दुई वर्षमा ऋणको रकम दोब्बर हुन्छ । राज्यको ढुकुटीमा राजस्व बढेको छैन, तिर्नुपर्ने बक्यौताहरू बढेको बढ्यै छ ।

देशको विषयमा बोल्न जनतालाई लाज लाग्छ । तर, सहकारी ठगीमा रवि लामिछाने, नायक पल शाह, नेपाली क्रिकेट टोलीको पूर्वकप्तान सन्दीप लामिछाने समातिदिँदा जनता सडकमा आए । देशभन्दा प्यारो त यस्ता व्यक्ति रहेछन् । उनीहरूलाई सजाय दिने कि उन्मुक्ति ? त्यो अदालतको हातमा थियो । अहिले देश नै दाउमा लागिसक्दा पनि सरकार चुइक्क बोल्दैनन् । देश ठूलो कि व्यक्ति ?

-अनुसा थापा, भक्तपुर

### जानकारी

अब यस दैनिकले हरेक दिन पत्र-मञ्जुषा स्तम्भ सुरु गरेकाले पाठक वर्गहरूले आफूले चाहेको विषय वस्तु, सरकारी निकायको काम कारबाही वा पत्रिकामा सम्प्रेषण भएको समाचारका बारेमा पत्र लेख्नु भएमा त्यसलाई जस्ताको त्यस्तै प्रकाशन हुने जानकारी गराइन्छ । -*संपादक*

prabhabdailynews@gmail.com
facebook.com/prabhab online



**ढिकीमा धान कुट्दै** | अछामको तुर्माखाद गाउँपालिका–६ तुल्ताका महिला ढिकीमा धान कुट्दै । आधुनिक मिलको प्रयोग बढेसँगै पछिल्लो समय ढिकीको प्रयोग न्यून हुँदै गएको छ ।
*तस्बिर: सुशील भण्डारी/रासस*

# पाँच लाखको अक्षयकोष स्थापना गर्दै प्रेस सेन्टर काठमाडौं




**काठमाडौं (प्रस)–** प्रेस सेन्टर नेपालको काठमाडौं जिल्ला शाखाले पाँच लाख रूपैयाँको अक्षयकोष स्थापना गर्ने घोषणा गरेको छ । शाखाको नवनिर्वाचित कार्यसमितिको पहिलो बैठकले बुधबार उक्त निर्णय गरेको हो ।

साथै, शाखामा श्रमजीवी पत्रकारहरूको सहयोगार्थ 'हेल्प डेस्क' स्थापना गर्ने निर्णयसमेत बैठकले गरेको जानकारी दिइएको छ । अक्षयकोषमा अध्यक्ष राममणि घिमिरेले ५० हजार रूपैयाँ सहयोग जम्मा गरेका छन् । यसैगरी उपाध्यक्ष मनिका खतिवडाले पाँच हजार र सदस्य अंकध्वज परियारले १० हजार रूपैयाँ जम्मा गरेका जनाएको छ । उक्त रकमबाट सुरु भएको अक्षयकोषलाई केही महिनामै पूर्णता दिइने प्रेस सेन्टर काठमाडौं शाखाले जानकारी दिएको छ ।

# जाडोको सहारा पर्खंदै दलित बस्ती

■ गोपालप्रसाद बराल

**महोत्तरी–** माघको पहिलो साता सकिनैलाग्दा बल्ल दुई दिनयता घाम देखिन थाले पनि महोत्तरीका अति विपन्न दलित बस्ती अझै चिसोको कहरबाट निस्कन सकेका छैनन् । दुई दिनयता मध्याह्नतिर घाम देखिए पनि त्यसअघिको शीतलहरले दलित बस्ती अझै जाडोको केही सहारा पाइन्छ कि भन्ने आशमै छन् ।

पछिल्लोपटक माघे संक्रान्तिसँगै बढेको लगातारको बाक्लो हुस्सु र त्योसँगै बहने चिसो स्याँठले दलित बस्तीका पराले झुप्रामा ओसले लछप्प भिजाएको भुइँ अझै ओभाएको छैन । बस्ने भनौं कि सुत्ने खरको भित्ता र परालको छानोका केही झुप्रा छन् । झुप्राभित्र न ओढ्ने, न ओछ्याउने केही छैन । केवल पराल ओछ्याइएको छ, त्यो पनि ओसले भिजेको छ । अहिले महोत्तरीका सबैजसो स्थानीय तहका गरिब बस्तीको अवस्था हो यो । खासमा मुसहर र बाँतर जाति समुदायका बस्तीमा जाडोको कहरले अझै छाडेको छैन ।

पुस मध्यपछिको शीतलहर काटेर अन्त्यतिर घाम देखिन थालेपछि यसपालिको कष्ट पार लगाइयो भन्ने सोचेका यस्ता बस्तीका गरिबले तिला सक्रायत (माघे संक्रान्ति) राम्ररी मनाउन पाएनन् । आफ्ना अभाव र दुःख लुकाउँदै मनाइने तिला सक्रायत (माघे संक्रान्ति) कै दिन बढेको हुस्सु र चिसो स्याँठले लगलगी मुटु कमाउने जाडो बढेपछि गरिब बस्तीमा पर्वको रौनक छाउन नसकेको ती बस्तीका दलित बताउँछन् । 'जाड स सारा शरीर सुकैरगेल, कि पावैन मनवैतो' (जाडोले कक्रयाएको थियो, के पर्व मनाउनु ?) पर्वका दिनको अवस्था सम्झँदै भंगाहा–३ सकरीको दलित बस्तीकी पारो बाँतर भन्छिन्, 'आस तकैछी जे कोई अई जाडके सहारा बैनतै' (पर्खंदै छौं, सहारा बनेर कोही आइहाल्थे कि ?) ।

पारोजस्तै सो बस्तीका मुसहर र बाँतरका ५० परिवार अहिले राहत पर्खंदै छन् । नजिकको भंगाहा–४ रामनगरको मुसहरी टोलकी हेमनी सदा मुसहर जाडोले कक्रयाएको शरीर अझै कतै काममा जानसक्ने नभएको बताउँछन् । 'कतो काज कर नई जासकैछी, झुपडीमें आब न खाएके दाना अई, न पहिरके कोनो गरम कपडा' (जाडोले कतै काम गर्न जान सकेको छैन, झुप्रोमा अब न खाने अन्न छ, न न्यानो कुनै लुगा) हेमनी भन्छन्, ' आब नई बुझाइय, जे इ ठण्ड पार करब' (अब लाग्छ, यो चिसो काट्न सकिन्न) । हेमनी मात्र नभएर सो बस्तीका ३५ घर मुसहरको उस्तै अवस्था छ ।

जिल्लामा अति विपन्न अरु जाति समुदाय पनि छन्, तर मुसहर, बाँतर भने अन्यभन्दा निकै कष्टमा छन् । यी दुवै जाति समुदायजस्तै मेस्तर, डोम, खत्वे, हलखोर, चमार र पासवानसहितका दलित समुदायको अवस्था दयनीय देखिन्छ । यद्यपि, यी समुदाय बाँतर, मुसहरभन्दा आमरूपमा अलि उक्सेका जस्ता देखिन्छन् । कुनै बस्ती छिचोल्दा पराले झुप्राका गुजुमुज्ज बस्ती देखिएपछि सो ठाउँबारे अनजानले पनि यो मुसहर, बाँतरको बस्ती रहेछ भनेर लख काट्न सक्ने भंगाहा–४ को मुसहर बस्तीकै नजिकका ७५ वर्षीय वृदेवसिंह दनुवार बताउँछन् ।



मुसहर, बाँतरको भन्दा यी अरु समुदाय थोरै माथि देखिन्छन् । यिनमा पनि डोम, हलखोर र मेस्तर अरूभन्दा निम्सरा नै देखिने सामाजिक संस्था प्रयास महोत्तरीका अध्यक्ष एकडाराको भटौलिया बस्तीका प्रवीण कर्ण बताउँछन् । 'मुसहर, बाँतरका उस्तै पराले झुप्रा हुन्छन्, यी दुवैको रहनसहन, चाडपर्व र कामको क्षेत्रपनि मिल्दाजुल्दा छन्,' कर्ण भन्छन्, 'यी समुदाय शिक्षा, स्वास्थ्य र अन्य विकासका अवसरबाट निकै पछि छन् ।'

शिक्षा, स्वास्थ्यमा पहुँच र विकासका अन्य अवसरबाट पूरै बेखबर यहाँका मुसहर र बाँतरको मुख्य काम कृषि मजदुरी हो । आफ्नो गरिबी र अभावबारे भगवान्बाहेक कसैसँग यिनीहरूको गुनासो छैन । 'न राख्ने अन्न, न साँच्ने धन' आहानका लागि मुसहर, बाँतर उदाहरणमा उभ्याइन्छन् । गिरहतको (काम गर्न गइने धनी किसानलाई यिनीहरू गिरहत भन्छन्) खेतबारीमा गरेको कामबापतको बनी (पारिश्रमिक)ले ल्याएको अन्न यिनीहरूकहाँ सामान्यतया बासी रहन्न । 'कुटी ल्यायो, भुटी खायो' यिनीहरूका लागिको चलनचल्तीको अर्को आहान हो ।

पछिल्लो माघे संक्रान्तिका दिनदेखि अचाक्ली बढेको जाडोबीच यिनको तातोको सहारा भनेको सडकमा फालिएका झुत्रा, पतिंगर र प्लास्टिकका टुक्रा जम्मा पारेर बालिएको 'घूर' (आगो सल्काइएको पतिंगर वा भूसको थुप्रो) हो । लछप्प भिजेका यस्ता झुत्रा, प्लास्टिकका टुक्रा र पतिंगर राम्ररी नबलेर पचपची धुँवामात्र फालिरहे पनि यिनीहरूका सपरिवार त्यही 'घूर' वरिपरि बसेर 'फू फू' फुक्दै तातिने आशमा हात फैलाएर बसिरहेका देखिन्छन् । बस्तीका स–साना नानी नांगो आङमै त्यही 'घूर' को सहारामा तातो खोजिरहेका देखिन्छन् ।

जिल्लामा मुसहर, चमार, पासवान, डोम र खत्वे धेरथोर सबै स्थानीय तहमा बसोबास गरे पनि हलखोर र मेस्तरको बसोबास जलेश्वर वरपर मात्रै भेटिन्छ । यसैगरी, बाँतर जिल्लाको भंगाहा नगर क्षेत्रमा मात्र भेटिन्छन् । मुसहर र बाँतरको मुख्य गुजारा खेती मजदुरीमा छ भने अन्य भने अरु काममा पनि देखिन्छन् । डोम सुँगुर पाल्ने र बाँसका चोयाको सामान बनाउँछन् । मेस्तर सरसफाइको काम गर्छन् ।

जिल्लामा कूल जनसंख्या सात लाख छ हजार ९९४ भित्र यी सबै दलितको बसोबास झन्डै १५ प्रतिशतको हाराहारीमा छ । जिल्लामा मुसहर २७ हजार ३५२ र खत्वे १९ हजार ६२५ जनसंख्या रहेको २०७८ को राष्ट्रिय जनगणना तथ्यांकले देखाएको छ । यसैगरी, डोम, हलखोर र मेस्तरसमेत १० हजारको हाराहारीमा छन् । जिल्लामा चमार २५ हजार २३० र पासवान १७ हजार ६०९ रहेको उक्त गणना तथ्यांकले देखाएको छ ।

बर्खाको भेल, गृष्मकालको गर्मी र शीतकालीन चिसो खेप्नु यिनीहरूको साझा नियतिझैं बनेको छ । राज्यका निकायहरूले दलित लक्षित ल्याएका कार्यक्रम पनि दुई/चार टाठाबाठाबाहेक आमगरिबसम्म नपुगेको यहाँका बुद्धिजीवी बताउँछन् । 'खै यिनीहरू जस्ताको त्यस्तै छन्, दलित लक्षित कार्यक्रम कहाँ पुग्छन् को नि !,' औरही–१ का सामाजिक राजनीतिक कार्यकर्ता सरोज यादव भन्छन् ।

पुस मध्यपछि शीतलहर बढ्दा कतिपय स्थानीय तहले गरिब बस्तीमा राहत उद्धार लगिने बताए पनि यहाँका गरिबले केही पाएका छैनन् । खासगरी दलितभित्र पनि मुसहर र बाँतरको अवस्था दलितभित्रकै अन्य जाति समुदायको भन्दा टिठलाग्दो छ । यस्तो बेला कोही दयालु आइहाल्छन् कि भन्ने आस लागे पनि आफूहरूको दुःख हेर्न कोही नआएका भटौलियाको मुसहर बस्तीकी अइती सदा बताउँछिन् । भटौलिया जिल्लामा मुसहरको निकै बसोबास भएमध्येको बस्ती हो । यहाँ १०० भन्दा बढी मुसहर परिवारको बसोबास रहेको सो बस्तीका सामाजिक, राजनीतिक कार्यकर्ता विजय कर्णको भनाइ छ ।

मुसहर, बाँतर बस्तीमा किशोर र युवा उमेरका पुरुष देखिन्नन् । यी कामका लागि भारतको पञ्जाव, हरियाणा जाने गर्छन् । बस्तीमा महिला, ससाना नानीहरू र वृद्धवृद्धा मात्रै छन् । 'के गर्नु हजुर, यहाँको बनीबुतोले मुखमा माड लाग्दैन, छोरा नाति पञ्जाव गएछन्, तिनैले ल्याउने पैसोले गुजारा चल्ने हो,' औरही–७ को मुसहरीटोलका ६० वर्षीय भुट्टा सदा भन्छन्, 'यस्तै हो, भगवान्ले गरिबको जुनी दिएछ, काट्नु त पर्छ ।'

जिल्लाका अति पछि परेका मुसहर र बाँतर परिवारमा मीठो खाने कुरा छोरा, नाति पञ्जाव जाने अघिल्लो रात र फर्केका दिन हुन्छ । जाने दिन साहु काढेर यिनीहरू भोज गर्छन्, फर्केको दिन आफ्नो कमाइले । यसबाहेक चुनावका बेला उम्मेदवारहरूले ख्वाएका मासु–रक्सी यिनीहरू सम्झन्छन् । 'चुनावबेर दु तीन दिन माउस आ दारु चल्लै, ओइके बाद कोई घुइरक नई आयल' (चुनावका बेला दुई/तीन दिन मासु–रक्सी चल्यो, त्यसपछि त कोही फर्केर आएका छैनन्) भंगाहा–२ बखरीको मुसहरीटोलकी नाउँ बताउन नचाहने (यी समुदायका महिला अरूलाई आफ्नो नाउँ भन्न हिच्किचाउँछन्) महिलाले भनिन्, 'अखनी जाड स मरैछी, कोई नई तकैय' (अहिले जाडोले मर्न लाग्या बेला कसैले हेरेनन्) ।

मुसहर, बाँतरसहितका दलितको अवस्था फेर्न उनीहरूले गर्दै आएका कामको विविधीकरण र नयाँ पुस्तालाई शिक्षा र भरपर्दो सीपसँग जोड्न स्थानीय तहहरूले योजनाबद्ध काम थाल्नुपर्ने भंगाहा–३ का बासिन्दा समाजशास्त्री शिवराज दाहालको भनाइ छ । यस दिशामा स्थानीय तह नेतृत्व उदासीन देखिँदा वर्षको एकपटक एक/दुई छाक खान दिँदा वा एकसरो लुगा दिइँदैमा भने अवस्थामा सुधार नआउने उनले बताए । *रासस*

## बटेश्वर गाउँपालिका
**Bateshwor Rural Municipality**
## गाउँ कार्यपालिकाको कार्यालय
**Office Of The Rural Municipal Executive**
**बटेश्वर, धनुषा**
**Bateshwor, Dhanusha**
**मधेश प्रदेश, नेपाल**
**Madhesh Pradesh, Nepal**

### हक दाबी गर्ने सम्बन्धी सूचना

**(सूचना प्रकाशित मिति: २०८१/१०/१०)**

प्रस्तुत बिषयमा यस कार्यालय अन्तरगत वडा नं.-४ बजार क्षेत्रमा अबस्थित गाउँ कार्यपालिकाको कार्यालय दक्षीण तर्फ रहेको पुर्व पक्की सडक पश्चिम केदार परियारको घर उत्तर गाँउपालिका कार्यालय र पिच बाटो दक्षिण पक्की सडक यो चार किल्ला भित्र रहेको सार्वजनिक ऐलानि जग्गामा वडा नं.-४ को वडा कार्यालय भवन निर्माण गर्ने भनि मिति २०८१।१०।०३ गते बसेको कार्यपालिकाको बैठक बाट निर्णय भएको हुँदा उक्त ४ किल्ला भित्र रहेको जग्गामा कसैको हक भोग लाग्ने, पुग्ने वा दाबि भए आफ्नो हक दाबी पुग्ने कागजात/प्रमाणहरु सहित सूचना प्रकाशन भएको मितिले १५ (पन्ध्र) दिन भित्र यस कार्यलयमा हक दाबी पेश गर्नु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ।साथै निर्धारित समय भन्दा पछि कुनै हक दाबी पेश भएमा सो उपर कुनै कारवाही नहुने व्यहोरा समेत जानकारी गराईन्छ ।

**प्रमुख प्रशासकीय अधिकृत**

**युएइमा रोजगार** कम्पनी : SERVEU

पूर्व स्वीकृति मिति : २०८१/१०/०९ | LT. No. 317526 | चलानी नं. ६०२३१७३५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaner General | 150 | 50 | 800 | २९,९९५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ माघ १७ गते (30th Jan. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तवारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Govt.Lic. No 498/061/62
KOSHI INTERNATIONAL SERVICES PVT. LTD.
Koshi Villa, Furtiman Marga, Bishalnagar (Near Finland Embassy), KMC-4, T: 977-1-4423603/4423604, Mob: 984-1376648, 9851041549, Email:- koshi.labourdesk@gmail.com, Web: www.Koshiinternational.com

**कतारमा रोजगार** कम्पनी : Forever Hospitality

पूर्व स्वीकृति मिति : २०७९/१२/१० | पुन विज्ञापन स्वीकृति मिति : २०८१/१०/०९ | LT. No. 283361 | चलानी नं. ६०१९८१४५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Assistant Cook | 0 | 1 | 1300 | ४९,१७५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ माघ १७ गते (30th Jan. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तवारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Govt.Lic. No- 1168/073/074
MINAWA RECRUITMENT H.R. PVT LTD
Pingalasthan-09, Kathmandu (Nepal), T: 01-4591510, 01-4591511
E:-minawarecruitment@gmail.com I w:-www.minawarecruitment.com

**युएइमा रोजगार** कम्पनी : DOME DZ INTERNATIONAL GENERAL CONTRACTING LLC

पूर्व स्वीकृति मिति : २०८१/१०/०८ | LT. No. 317491 | चलानी नं. ६०२३१७१३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Electrician | 20 | 0 | 1200 | ४४,९९३ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Insulation Worker | 50 | 0 | 800 | २९,९९५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ माघ १७ गते (30th Jan. 2025) मा हुनेछ ।
पूर्व स्वीकृति मिति : २०८१/१०/०८ चलानी नं.६०२३१४६१

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तवारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Mass Human Resource Pvt. Ltd.
(ISO Certified Ethical Recruitment Company)
SAMAKHUSI, KTM, Nepal, TEL: 4983088, 4955765, 9828776444
Govt. License 938/067/068

**साउदीमा रोजगार** कम्पनी : SAFIN DREAM CONTRACTING COMPANY

पूर्व स्वीकृति मिति : २०८१/१०/०७ | LT. No. 317454 | चलानी नं. ६०२३१७४६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Construction Worker | 15 | 0 | 1000 | ३६,७१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ माघ १७ गते (30th Jan. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तवारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

NABIL OVERSEAS PVT LTD.
श्रम इजाजत नं. ३५९/०५९/०६०
Old Baneshwor Ktm, Nepal, Tel: +977-1-4479617/4472474, Fax : +977-1 -4466023

## सेफको बयान लिँदै प्रहरी

बलिउड अभिनेता सैफ अली खान पाँच दिनसम्मको उपचारपछि मंगलबार लीलावती अस्पतालबाट डिस्चार्ज भएका छन् । अस्पतालबाट उनी आक्रमण भएको घरमा नगएर अर्कै घर गए । अभिनेता घर फर्केपछि सुरक्षा व्यवस्था कडा पारिएको थियो । यस घटनामा अभिनेताको बयान रेकर्ड गर्न बुधवार मुम्बई प्रहरी अभिनेताको घरमा पुगेको छ । यस क्रममा, एउटा भिडियो पनि सार्वजनिक भएको छ जसमा प्रहरी सैफको भवनमा प्रवेश गरिरहेको देखिन्छ । यसअघि प्रहरीले आक्रमणकारीको मनसायबारे धेरै खुलासा गरेको थियो ।







# 'मिसिङः केटी हराएको सूचना' भोलिदेखि हलमा

■ प्रभाव संवाददाता



**काठमाडौं–** निर्देशक दीपेन्द्र गौचन यही शुक्रबारबाट आफ्नो फिल्म 'मिसिङः केटी हराएको सूचना' लिएर दर्शकमाझ आउँदैछन् । ३२ वर्षअघिको फिल्म 'उजेली' बाट निर्देशनमा चर्चा कमाएका दीपेन्द्र 'मिसिङः केटी हराएको सूचना' आफ्नो लागि चुनौतीपूर्ण कमव्याक मान्छन् । दीपेन्द्र २२ वर्षपछि ठूलो पर्दाको फिल्म निर्देशनमा कमव्याक भएका हुन् ।

दीपेन्द्रका अनुसार 'मिसिङः केटी हराएको सूचना'को कथा लेखनको सुरुवात निकै रोचक छ । 'म कम्बोडियामा पढाउँछु । विद्यार्थीहरूले ठूलो मान्छे हुन्छु भन्ने सपना देख्नु स्वाभाविक नै हो । मैले एउटा दुईजना पात्रको कथा लेख्नु भनेर विद्यार्थीलाई अह्राएँ । उनीहरूले दुई हप्ताको समयमा कथा त लेखे, तर सबै मैले अस्वीकृत गरिदिएँ । किनकी त्यो भन्दा राम्रो कथा जन्मन्छ भन्नेमा म ढुक्क थिएँ । तर विद्यार्थीले अन्य कथा जन्माएनन् । उल्टो उनीहरूले मलाई नै 'तपाईं नै कथा लेखेर देखाउनुहोस्' भनेर चुनौती दिए', दीपेन्द्र सम्झन्छन् ।

विद्यार्थीको चुनौतीलाई स्वीकारेका दीपेन्द्रले एक कथा लेखे र त्यसको सर्ट फिल्म बनाए । त्यो फिल्मले फेस्टिभलमा अवार्ड नै जित्यो ।

कम्बोडिया बसाईको २२ वर्षपछि नेपाल फर्किदा दीपेन्द्रले त्यही कथा बोकेर आए । 'यहाँ आउँदा त्यही कथा नेपाली परिवेशमा झन सुहाउँदो र अझ प्रगाढ हुने पाएँ । मधेस र पहाडको कथा देखाउँदा राम्रो हुन्छ भन्ने लाग्यो र यो फिल्मको कथा लेखें', उनी भन्छन् ।

दीपेन्द्रका अनुसार उनलाई स्क्रिप्ट फाइनल गर्न झण्डै तीन महिना लाग्यो । उनले अङ्ग्रेजीमा लेखेको स्क्रिप्टलाई दीपेन्द्र, अमित पोखरेल र अमितेष शाहले नेपालीकरण गरे ।

दीपेन्द्र स्क्रिप्ट अनुसार पात्र छनोट सही भएको दाबी गर्छन् । 'हामीलाई काठमाडौंमा जन्मिएर यतै बसेको मधेसी टोन कम भएको पात्र चाहिएको थियो । त्यो पात्र हामीले नाजिरमा पायौं । पहाडी लुक्समा सृष्टि श्रेष्ठ फिट भइन् । किनकी उसलाई भेट्ने बित्तिकै म प्रभावित भए । गोरो अनुहार, पहाडी लुक्स अनि अङ्ग्रेजी बोल्ने पारा फिट लाग्यो', दीपेन्द्र खुल्छन् ।

फिल्मको ट्रेलरमा मधेसमा 'नेपाली' पहिचानको कुरा उठान गरिएको देखाइएको छ । 'मधेसको पात्र बनाए पछि रहनसहनको मात्र कुरा आउँदैन, मान्छे बौद्धिक भए पनि उसको मनमा भावना गढिरहेको हुन्छ । मधेस आन्दोलनको समयमा पहिचानको पनि कुरा आएको थियो । मधेसको जोकोही पात्रलाई 'नेपालीपन'को भावना अवश्य नै हुन्छ । जतिसुकै हासखेल रमाइलो गरे पनि राष्ट्रियताको मामलामा उसको अडान नै हुन्छ', दीपेन्द्रको बुझाई छ ।

दीपेन्द्र 'मिसिङः केटी हराएको सूचना'लाई महिला केन्द्रीत फिल्म मान्छन् । 'यो फिल्ममा मुख्य पात्र को भनेर दर्शकले छुट्याउनै सक्दैन । राम नाजिर कि सीता सृष्टि । दुवैको भूमिका बराबरी छ । त्यो बराबरीपन दिनु पनि महिलालाई प्राथमिकता दिनु हो । महिलालाई हिरोनी बनाएर कालीदेवी जस्तो अतिरिञ्जित पनि गर्नुहुँदैन । म चाहिँ नेचुरल किसिमले होस् भन्ने चाहन्छु । मेरा लागि भगवानले नाजिर र सृष्टि जुराइदिएका हुन् जस्तो लाग्छ ', उनी भन्छन् । दीपेन्द्र 'उजेली'सँगै 'मुमिन'का लागि परिचित छन् ।

# 'कुस्ती' मा दिकिला शेर्पा अनुबन्धित

■ प्रभाव संवाददाता




**काठमाडौं –** एमटीभीको भारतीय चर्चित रियालिटी शो 'स्प्लिट्सभिल्ला' सिजन ५ बाट चिनिएकी दिकिला शेर्पाको नेपाली फिल्ममा डेब्यु गर्ने पक्का भएको छ । कलाकार बुद्धि तामाङको निर्माण रहने फिल्म 'कुस्ती' मा अभिनेत्री शेर्पा अनुबन्धित भएकी छिन् । उनले फिल्मको निर्माण टिमसँग सम्झौता गर्दै वर्कसप ज्वाइन गरिसकेकी छिन् । आउँदो फागुनको पहिलो सातादेखि छायाङ्कनमा जाने फिल्ममा उनको भूमिका महत्त्वपूर्ण हुने निर्देशक तथा लेखक अनिल योञ्जनले जानकारी दिए ।

उनले भने, 'हामीलाई एउटा फ्रेस अनुहार चाहिएको थियो । दिकिलालाई भूमिका सुहाउँदो भएपछि अफर गरेका हौं, उहाँले सम्झौता गरेर वर्कसपमा हुनुहुन्छ । उहाँ निकै उत्साहित हुनुहुन्छ ।' निर्देशक योञ्जनले आउँदो वर्ष विसं २०८२ को भदौमा दर्शकले दिकिलालाई पर्दामा हेर्न पाउने जानकारी दिए । उनले म्युजिक भिडिओमा देखेपछि दीकिलासँग फिल्म बारे परामर्श गरेका थिए । दीकिलाले भारतबाट नेपाल आएर फिल्मको पात्रका लागि 'स्क्रीन टेस्ट' दिएर छनोट भएको निर्देशक योञ्जनले जानकारी दिए । डेब्यु गर्ल दिकिलाले वर्कशपले आफूमा छुटै उत्साह थपेको बताइन् ।

उनले भनिन्, 'यो मेरो पहिलो फिल्म भएकाले निकै उत्साहित छु । मलाई सुहाउँदो भूमिका, मैले मन पराउने सिनियर कलाकार, भद्र र सालिन टीमले मलाई अभिनेत्री बन्न प्रेरित गर्यो । म आफूले धेरै मेहनत गरेर सक्दो बेस्ट दिने कोसिश गर्ने छु । मैले पाएको मायालाई बढाउने काम फिल्ममा गर्ने छु ।' फिल्मलाई काठमाडौं रीच इन्टरटेनमेन्ट र एप्पल इन्टरटेनमेन्ट, मोफसल एफडी कम्पनिले प्रदर्शनका लागि वितरण गर्नेछ ।

# सोह्रौं राष्ट्रिय बालनाटकका लागि १४ नाटक

■ प्रभाव संवाददाता

**काठमाडौं–** सोह्रौं राष्ट्रिय बालनाटक महोत्सव तथा बाल लघु चलचित्र प्रदर्शनी २०८१ का लागि १४ वटा नाटक छनोट भएका छन् । उक्त प्रदर्शनीमा दर्ता भएका दुई दर्जन नाटकमध्येबाट महोत्सवमा अन्तिम मञ्चनका लागि १४ वटा छनोट भएका हुन् ।

प्रतियोगितामा सहभागी दुई दर्जन बढी नाटकमध्येबाट १४ वटा छनोट गरिएको बताउँदै महोत्सव संयोजक सविन न्यौपानेले दर्ता भएका सबै सहभागी नाटकलाई धन्यवाद दिए । उनले प्रतियोगी तथा अप्रतियोगी नाटकको वर्गीकरण गरिएको सूचनासहित महोत्सव तालिका आगामी माघ २२ गतेभित्र प्रकाशन गरिने जानकारी दिए ।

संयोजक न्यौपानेका अनुसार महोत्सवमा होलि एञ्जल्स पब्लिक स्कुलको 'तारेभिर', सनसाइन इङ्गलिस बोर्डिङ स्कुलको 'स्याडो', आकाशगङ्गा इन्टरनेसनल स्कुलको 'रक्त पासो', दर्शना स्कुलको 'को चोर', हिले माध्यमिक विद्यालयको 'अभागी आरन', भेलोसिटी स्कुलको 'तुलसी', समृद्धि स्कुलको 'देउकी' र 'द अलकेमिष्ट', मृगशिरा वोर्ल्ड स्कुलको 'लौरो', काठमाडौं प्रज्ञा कुञ्ज स्कुलको 'खेल्ने बेला', युनाइटेड युनिभर्सल स्कुलको 'पढ्न त मन लाग्छ', पिक प्वाइन्ट एजुकेसन नेटवर्कको 'यशस्वी भवः', वेष्ट प्वाइन्ट आवासीय माध्यमिक विद्यालयको 'रमेशको आशाको त्यान्द्रो राजु' र शैली थिएटरको प्रस्तुत एउटा नाटक छनोट भएका हुन् ।

महोत्सवमा प्रदर्शन हुने बाल लघु चलचित्रहरूका लागि अर्को सूचना प्रकाशन गरिने आयोजक संस्थाले जनाएको छ । फाल्गुन १ गतेदेखि सुरु भएर फाल्गुन ७ गते रातोपुलस्थित शैली थिएटर तथा कमलपोखरीस्थित रुसी सदन (रुसी सांस्कृति तथा विज्ञान केन्द्र) मा १६औं राष्ट्रिय बाल नाटक महोत्सव तथा बाल लघु चलचित्र प्रदर्शनी हुनेछ । महोत्सवमा सहभागी प्रतियोगी नाटकलाई सात वटा विधामा विशेष पुरस्कार प्रदान गरिनेछ भने अप्रतियोगी नाटकलाई सम्मान गरिने आयोजक संस्थाले जनाएको छ ।



## यू-१९ महिला टी-२० विश्वकप क्रिकेट

# अस्ट्रेलियासँग पराजित हुँदै विश्वकपबाट बाहिरियो नेपाल

■ प्रभाव संवाददाता



**काठमाडौं –** आइसिसी महिला यु-१९ विश्वकप क्रिकेट प्रतियोगितामा नेपाल अष्ट्रेलियासँग पराजित भएको छ । मलेसियाको युकेएम वाइएसडी ओभल क्रिकेट मैदानमा भएको समूह चरणको आफ्नो अन्तिम खेलमा नेपाल अष्ट्रेलियासँग ८३ रनले पराजित भएसँगै नेपाल विश्वकपबाट बाहिरिएको छ ।

अष्ट्रेलियाले दिएको एक सय ४० रनको विजयी लक्ष्य पछ्याएको नेपाल निर्धारित २० ओभरमा आठ विकेट गुमाएर ५६ रनमा समेटियो । नेपालका लागि कप्तान पूजा महतोले सर्वाधिक १८ रन जोडिन् । पूजाबाहेक अन्य नेपाली खेलाडीले दोहोरो अङ्कमा रन जोड्न सकेनन् । अष्ट्रेलियाका लागि जुलिटि मोर्टोन, लिली बासिङ्थवाइट र हसरत गिलले समान दुई/दुई विकेट लिए ।

त्यसअघि टस जितेर पहिला ब्याटिङ रोजेको अष्ट्रेलियाले निर्धारित २० ओभरमा छ विकेट गुमाएर एक सय ३९ रनको योगफल तयार गरेको थियो । अष्ट्रेलियाका लागि काइम्हे ब्रेले ३४ बलमा तीन चौका र तीन छक्काको सहयोगमा ४५ रन बनाएकी हुन् । इलियनर लारोसाले ३९ बलमा तीन चौका प्रहार गर्दै ३१ रन बनाइन् । हसरत गिलले ३०, क्लोइ क्याथरिनले अविजित १६ र इनेस आकेओनले आठ रन बनाइन् ।

बलिङतर्फ नेपालकी कप्तान पूजा महतोले तीन विकेट लिइन् भने सीमना केसीले दुई र रिया शर्माले एक विकेट झारेकी थिइन् । विश्वकपमा नेपालको यो लगातार तेस्रो हार हो । नेपाल पहिलो खेलमा बङ्गलादेशसँग पाँच र दोस्रो खेलमा स्कटल्याण्डसँग एक विकेटले पराजित भएको थियो । यो जितसँगै अष्ट्रेलियाले समूह चरणको खेलमा अपराजित रहँदै सुपर सिक्समा छनोट भएको छ । अष्ट्रेलियाले यसअघि स्कटल्याण्डलाई नौ र बङ्गलादेशलाई दुई विकेटले पराजित गरेको थियो ।

# फाइनल राउन्डमा अपराजित एपिएफ

■ प्रभाव संवाददाता

**काठमाडौं–** अपराजित रहँदै साबिक विजेता एपिएफले एन्फा महिला लिगअन्तर्गत फाइनल राउन्ड सक्काएको छ । सातदोबाटोस्थित एन्फा कम्प्लेक्समा बुधबार सम्पन्न खेलमा एपिएफले त्रिभुवन आर्मी क्लबलाई २-१ ले पाखा लगाएको हो । योसँगै एपिएफले आठ खेलबाट २४ अंक पुऱ्याउँदै फाइनल राउन्ड सक्काएको हो । आर्मीले भने समान खेलबाट १६ अंक मात्रै जोड्न सक्यो ।

पहिलो क्वालिफायरमा पनि यी दुई टोली नै भिड्ने छन् । यी दुईबीचको खेल शनिबार दशरथ रंगशालामा भिड्ने छन् । खेलको २३औं मिनेटमै रश्मिकुमारी घिसिङको गोलमार्फत सुरुआती अग्रता लिएको थियो । प्रीति राईले फ्रिकिकमार्फत दिएको बललाई रश्मिले हेडरमार्फत जाली चुमाएकी हुन् । जारी लिगमा उनको यो ३३औं गोल हो ।

रश्मिकै पासमा ३८औं मिनेटमा कप्तान अनिता बस्नेतले अग्रता दोब्बर बनाइन् । ८३औं मिनेटमा अमिषा कार्कीले गोल गर्दै आर्मीलाई खेलमा फर्काउन खोजेपनि सफल हुन सकिनन् । उनले विमला चौधरीको क्रसमा हेडरमार्फत गोल गरेकी हुन् ।

## सूर्य नेपाल वेस्टर्न ओपन

# पहिलो दिन नीरज शीर्षस्थानमा




■ प्रभाव संवाददाता

**पोखरा–** पोखराको हिमालयन गल्फ कोर्समा सूर्य नेपाल गल्फ टुर सुरु भएको छ । सूर्य नेपाल गल्फ टुर २०२४-२५ अन्तर्गत वेस्टर्न ओपनको पहिलो दिन नीरज तामाङ दुई स्ट्रोकको अग्रतासहित शीर्षस्थानमा छन् ।

४-अन्डर ६५ को स्कोरमा नीरजले पहिलो दिन युवराज भुजेल र भुवनकुमार रोक्कालाई २ स्ट्रोकले पछि पारेका हुन् । २-अन्डर ६७ को स्कोरमा युवराज र भुवन संयुक्त रूपमा दोस्रो स्थानमा छन् । धनबहादुर थापा र सञ्जय लामाले १-अन्डर ६८ मा पहिलो दिनको खेल सकाए । उनीहरू संयुक्त रूपमा चौथो स्थानमा रहे ।

रामे मगर र जयराम श्रेष्ठ छैटौं स्थानमा रहे । उनीहरूले बुधबार इभन-पार ६९ मा खेल सकाए । प्रदीपकुमार लामा र एमेच्योर सुन्दर राईले १-ओभर ७० मा खेल पूरा गर्दै संयुक्त रूपमा आठौं स्थानमा छन् । यस्तै, विष्णुप्रसाद शर्मा र एमेच्योर सुरेश तामाङ १०औं स्थानमा रहे । उनीहरूले २-ओभर ७१ खेले ।

सिजनको तेस्रो प्रतियोगिता सूर्य नेपाल ईस्टर्न ओपन जितेका नीरजले पोखरामा पनि सुरूवात राम्रो गरे । उनले बोगीरहित फ्रन्ट नाइन खेले । तेस्रो र चौथो होलमा बर्डी प्रहार गर्दै फ्रन्ट नाइन २-अन्डर ३२ मा सकाए । यसपछि १५औं होलमा एक सट खेर फाले पनि १०औं, १३औं र १६औं होलको बर्डीले ब्याक नाइन २-अन्डर ३३ मा सकाए ।

धरानका अर्का प्रो युवराजले फ्रन्ट नाइनमा १-अन्डर ३३ को प्रदर्शन गरे । दोस्रो र तेस्रो होलमा बर्डीको सफलतामा सुरूवात राम्रो गरे । तर, पाँचौं होलमा डबल बोगी खेप्दा सातौं होलमा बोगीको सामना गरे । यसपछि आठौं र नवौं होलमा एक/एक सट बचाए । ब्याक नाइन उनले १-अन्डर ३४ मा सकाए । १३औंदेखि १५औं होलसम्म लगातार तीन बर्डी प्रहार गरे तर १०औं र १८औं होलमा एक-एक सट खेर फाले ।

भुवनले तेस्रो र पाँचौं होलको बर्डीको मद्दतले फ्रन्ट नाइन २-अन्डर ३२ मा सकाए । यसपछि ११औं होलमा डबल बोगी खेपे । १६औं र १७औं होलको बर्डीले ब्याक नाइन इभन-पार ३५ मा पूरा गरे । एमेच्योरतर्फ सुन्दर राई १-ओभर ७० सहित शीर्ष स्थानमा छन् । उनले सुरेश तामाङलाई एक स्ट्रोकले पछि पारे । सुरेशले पहिलो दिन २-ओभर ७१ स्कोर गरे । ५४ होलको तीन दिने प्रतियोगितामा ३४ प्रोफेसनल र १८ एमेच्योर गल्फरहरूले प्रतिस्पर्धा गरिरहेका छन् ।

प्रतियोगिताको कुल पुरस्कार ८ लाख ८२ हजार रहेको छ । विजेताले १ लाख ५० हजार तथा दोस्रो र तेस्रो हुनेले क्रमशः १ लाख र ७२ हजार रूपैयाँ प्राप्त गर्ने छन् । शीर्ष २१ मा पर्ने गल्फरहरूले पनि नगद हात पार्नेछन् । नेपाल प्रोफेसनल गल्फर्स एसोसिएसनद्वारा आयोजित र सूर्यनेपाल प्रालिद्वारा प्रायोजित प्रतियोगितामा ३६ होलको समाप्तिमा कट लागु हुनेछ । शनिबार प्रो-एम प्रतियोगिता हुनेछ ।

# दक्षिण कोरियाले विमानस्थलको कंक्रिट संरचनालाई परिवर्तन गर्ने

**सियोल–** दक्षिण कोरियाली अधिकारीहरूले जेजु एयर दुर्घटनापछि देशका केही विमानस्थलमा उडाको निगरानी र नियन्त्रणका लागि बनाइएका कंक्रिटका अवरोधहरूलाई परिवर्तन गर्ने बताएका छन् ।

गत डिसेम्बर २९ मा थाइल्याण्डबाट दक्षिणपश्चिमको मुआनका लागि उडेको बोइङ ७३७-८०० विमान मुआन विमानस्थलमा अवतरण गर्ने क्रममा नेभेगेसनका लागि बनाइएको कंक्रिटको संरचनामा ठोक्किएर दुर्घटनाग्रस्त भएको थियो । दुर्घटनापछि यस्ता कंक्रिटका संरचनालाई भूमिगत बनाउने वा स्टिल वा अन्य निर्माण सामग्रीको प्रयोग गर्नुपर्ने बहस चलेको थियो ।

यो दक्षिण कोरियाली भूमिमा अहिलेसम्मकै सबैभन्दा खराब हवाई दुर्घटना थियो । दुर्घटनामा १७९ जनाको मृत्यु भएको थियो भने दुई जनालाई घाइते अवस्थामा उद्धार गरिएको थियो । दक्षिण कोरियाली र अमेरिकी अनुसन्धानकर्ताहरूले अझै पनि दुर्घटनाको कारणबारे अनुसन्धान गरिरहेका छन् । अनुसन्धानका क्रममा ध्यान धेरै सम्भावित कारणहरूमा केन्द्रित गरिएको छ । विमानहरूलाई उनीहरूको अवतरणमा नेभिगेट गर्न मद्दत गर्न प्रयोग गरिने 'कंक्रिट अवरोध' पनि दुर्घटनाका लागि जिम्मेवार ठहर गरिएको छ ।

भूमि मन्त्रालयले जारी गरेको विज्ञप्तिमा भनिएको छ, 'विशेष सुरक्षा निरीक्षणले देशभरका सातवटा विमानस्थलमा 'लोकलाइजर' कोसुधार आवश्यक रहेको देखाएको छ ।' मन्त्रालयले लोकप्रिय पर्यटक आकर्षण र राजधानी सियोलको सेवा गर्ने इन्चोनपछि देशको दोस्रो सबैभन्दा ठूलो विमानस्थल मुआनकोजु अन्तर्राष्ट्रिय विमानस्थलसहितका सातवटा विमानस्थलमा 'लोकलाइजर' र अन्य संरचना सुधारका लागि आवश्यक रहेको भनी समावेश गरेको छ ।

यी संरचना सुधारका लागि जगहरू भूमिगत स्थानान्तरण गर्ने र तिनीहरूलाई हल्का इस्पातका संरचनाहरूसँग प्रतिस्थापन गर्ने सुझाव दिइएको छ । मन्त्रालयले भनेको छ, 'मुआन अन्तर्राष्ट्रिय विमानस्थलको विद्यमान कंक्रिटको ढिस्कोपूर्ण रूपमा हटाइनेछ र ' लोकलाइजर' लाई सजिलै तोडिन योग्य संरचनाहरू प्रयोग गरेर पुनःस्थापना गरिने छ ।'

'यो उपायले तत्काल ध्यान दिनुपर्ने कार्यहरूलाई प्राथमिकता दिएको छ,' यातायातमन्त्री पार्क साङ-वूले भने, 'हामी थप अनुसन्धान र समीक्षाको माध्यमबाट चरासँग ठोकिने अवरोध (बर्ड स्ट्राइक) रोकथाम सुधारका उपायहरू र उड्डयन सुरक्षा नवीनता योजना स्थापना गर्ने योजना बनाइरहेका छौं ।'

दुर्घटनाको क्षणमा पाइलटले पहिलो अवतरण प्रयासबाट बाहिर निस्कनुअघि चरासँग ठोक्किनसक्ने चेतावनी दिएका थिए । दोस्रो प्रयासमा ल्यान्डिङ गियर ननिस्केपछि विमान दुर्घटनाग्रस्त भएको थियो ।

दक्षिण कोरियाली सञ्चारमाध्यमका अनुसार दुवै इन्जिनमा प्वाँख फेला परेको छ र चराको आक्रमणलाई दुर्घटनाको एउटा सम्भावित कारणको रूपमा अनुसन्धान गरिएको छ । *रासस⁄एएफपी*

# जापानमा बर्डफ्लुको संक्रमण बढ्यो

**टोकियो–** जापानमा एभियन इन्फ्लुएन्जाको प्रकोप बढ्दै गएको छ । उक्त प्रकोपले गर्दा यस महिना झण्डै ५० लाख कुखुरा र अन्य चराहरूको मृत्यु भएको छ ।

कृषि तथा वन मन्त्रालयले यस हप्ता मोरियोका सहरका दुई कुखुरा फार्महरूमा नयाँ प्रकोपको पुष्टि गर्‍यो । साथै, यस महिना २६ प्रकोप साइटहरू पहिचान गरिएको छ, जसमा करिब ५० लाख चराहरू प्रभावित छन् ।

मन्त्रालयले उक्त प्रकोपले गर्दा अण्डाको मूल्यमा पनि प्रभाव परेको उल्लेख गरेको छ, जुन वर्षको सुरुदेखि नै १५ प्रतिशतले बढेको छ । केही उद्योग पर्यवेक्षकहरूले सम्भावित आपूर्ति अभावको बारेमा चिन्ता व्यक्त गरेका छन् । *रासस⁄सिन्ह्वा*

# अमेरिकी विदेशमन्त्री रुबियोद्वारा एसियाली साझेदारसँग भेटवार्ता

**वासिङ्टन–** अमेरिकी विदेशमन्त्री मार्को रुबियोले 'स्वतन्त्र र खुला इन्डो-प्यासिफिक' क्षेत्रका लागि एसियामा जापान, भारत र अस्ट्रेलियासँग मिलेर काम गर्ने बताएका छन् । राष्ट्रपति डोनाल्ड ट्रम्पको शपथ ग्रहणको एक दिनपछि रुबियोले वासिङ्टनमा क्वाडका आफ्ना समकक्षी मुलुकका कूटनीतिज्ञहरूसँगको भेटमा उक्त कुरा बताएका हुन् ।

रुबियो र उनका समकक्षीहरूले एक संयुक्त वक्तव्यमा 'स्वतन्त्र र खुला इन्डो-प्यासिफिक' क्षेत्र बनाउनका लागि काम गर्ने प्रतिबद्धता जनाएका हुन् । वक्तव्यमा इन्डो-प्यासिफिक क्षेत्रमा चिनियाँ आक्रामकताप्रति संकेत गर्दै यसको विरुद्धमा सहयोगी मुलुकहरूबीच सहकार्य हुने उल्लेख गरिएको हो ।

चारै मुलुकका कूटनीतिज्ञले विधिको शासन, लोकतान्त्रिक मूल्यमान्यता, सार्वभौमिकता र भौगोलिक अखण्डताको सुरक्षाका लागि सहकार्य गर्ने बताएका हुन् । विज्ञप्तिमा भनिएको छ, ' बल प्रयोगद्वारा यथास्थितिलाई परिवर्तन गर्न खोज्ने कुनै पनि एकपक्षीय कार्यको पनि हामी कडा विरोध गर्दछौं ।'

विदेशमन्त्रीहरूको भेटवार्तामा यस वर्ष भारतमा क्वाड शिखर सम्मेलन आयोजना गर्न काम गर्ने बिषयमा पनि छलफल भएको थियो । यसको अर्थ ट्रम्पले बढ्दो अमेरिकी साझेदारको प्रारम्भिक भ्रमणका रूपमा उक्त सम्मेलनमा सहभागिता जनाउन भारत भ्रमण गर्ने संकेत गरिएको छ । क्वाड समूहलाई प्रायः वासिङ्टनमा चीनविरुद्धको सुरक्षाकवचको रूपमा हेरिन्छ । उक्त अवसरमा विदेशमन्त्री रुबियोले प्रत्येक देशका समकक्षी मन्त्रीसँग छुट्टाछुट्टै भेटवार्ता पनि गरेका थिए । जापानी विदेशमन्त्री ताकेशी इवायासँग रुबियोले उत्तर कोरिया र चीनको गतिविधिबारे संयुक्त प्रयासका लागि गर्न सकिने पहलबारे छलफल गरेको अमेरिकी विदेश मन्त्रालयका प्रवक्ता टमी ब्रुसले बताए । जापानका दिवंगत प्रधानमन्त्री शिन्जो आबेले क्वाडको परिकल्पना गरेका थिए । *रासस⁄एएफपी*


## मेलौली नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
**मेलौली, बैतडी**
**सुदूरपश्चिम प्रदेश, नेपाल**

### क्याटलग सपिङ विधिबाट सवारी साधन खरिद गर्ने सम्बन्धी सूचना ।

**सूचना प्रकाशित मितिः २०८१/१०/०९**

यस मेलौली नगरपालिकाको कार्यालय प्रयोजनका लागि देहाय बमोजिम बिवरण भएको सवारी साधन सार्वजनिक खरिद ऐन, २०६३को दफा ८ को उपदफा १को (क)(८) तथा सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ३१ख, बमोजिम उत्पादक वा सोको आधिकारिक बिक्रेताहरु बीच मात्र प्रतिस्पर्धा गराउने (क्याटलग सपिङ) विधिवाट खरिद गर्नुपर्ने भएको हुँदा इच्छुक उत्पादक कम्पनी वा सोको आधिकारिक बिक्रेताले कम्पनी/फर्म दर्ता प्रमाणपत्र, व्यवसाय दर्ता प्रमाणपत्र, मु.अ.कर दर्ता प्रमाणपत्र, आधिकारिक बिक्रेताको प्रमाणपत्र, आ.व.२०८०/०८१ को कर चुक्ता प्रमाणपत्र लगायतका कागजातहरुको प्रमाणित प्रतिलिपि समाबेश गरी सोही नियमावलीको नियम ३१ख, उपनियम २ बमोजिम सवारीसाधनको आधिकारिक स्पेसिफिकेशन, गुणस्तर, मूल्य र सुविधासहितको बिवरण (क्याटलग वा ब्रोसर) संलग्न गरी मिति २०८१/१०/२४ गते दिउसो १२ बजे भित्र देहायको सवारि साधनको शिलबन्दी निवेदन/प्रस्ताव दर्ता गराउनहुनका लागि यो सूचना प्रकाशित गरिएको छ । नियमानुसार पेस हुन आएका प्रस्तावहरु मिति २०८१/१०/२४ गते दिनको २ बजे यस मेलौली नगरपालिका कार्यालय, मेलौली, बैतडिमा खोलिने ब्यहोरा जानकारी गरिन्छ ।

**देहायः**

| प्याकेज/दरभाउ पत्र नं. | सवारी साधन | संख्या | कागजात प्राप्त गर्ने तथा प्रस्ताव पेश गर्ने कार्यालय र स्थान |
|---|---|---|---|
| 07/CS/G/ 2081/082 | Double cab Pickup Jeep, RHD, 4WD (As per approved Specifications) | १ थान | मेलौली नगरपालिका कार्यालय मेलौली बैतडी, इमेलः ito@melaulimun.gov.np फोन:९८५८७८३९४०, ९८४८७१९२४६ |



## Sunkoshi Rural Municipality
## Office of Rural Municipal Executive

### Invitation for Bids

**Date of Notice Publication: 23rd jan. 2025 (2081/10/10)**

1. Sunkoshi Rural Municipality, Office of Rural Municipal Executive invites Electronic bids from eligible bidders.
2. Eligible Bidders may obtain further information at Office of **Sunkoshi Rural Municipality, Office of Rural Municipal, Mulkharka, Okhaldhunga,** or may visit PPMO website www.bolpatra.gov.np/egp
3. Bidder submit their bid electronically may purchase, download the bidding documents for e-submission from PPMO's Web Site www.bolpatra.gov.np./egp,. Bidders, submitting their bid electronically, should deposit the cost **NRs. 3,000** till **2081/11/11 (23rd feb. 2025)** during valid hours of bidding document in the Project's Rajaswa (revenue) account as specified below and the scanned copy (pdf format) of the Bank deposit/online deposit voucher shall be uploaded by the bidder at the time of electronic submission of the bids.

   **Information to deposit the cost of bidding document in Bank:**

   **Name of the Bank: Machhapuchchhre Bank Limited**
   **Name of Office: Sunkoshi Rural Municipality**
   **Name of Account: SUN GA.PA.AANTARIK RAJASWO GA-1.1**
   **Rajaswa (Internal revenue) Shirshak Account no.: 0950073610000031**
   **Office Code no.: 801011008**
4. Pre-bid meeting shall be held at **Sunkoshi Rural Municipality Office, Okhaldhungaat 8:00 AM on 13th feb. 2025 (2081/11/01).**
5. Electronic bids must be submitted to the office **Sunkoshi Rural Municipality Office, Okhaldhunga** through PPMO website www.bolpatra.gov.np/egpon or before **12:00 Noon** on **23rd February 2025 (2081/11/11)**. Bids received after this deadline will be rejected.
6. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at **14:00 pm** on **23rd feb. 2025 (2081/11/11)** at the **Sunkoshi Rural Municipality, Office of Rural Municipal Executive, Okhaldhunga**. Bids must be valid for a period of 90 (Ninety) days after bid opening and must be accompanied by a bid security which shall be valid for 30 days beyond the validity period of the bid.

   **Information to deposit the bid amount in Bank:**

   **Name of the Bank: Machhapuchchhre Bank, Mulkharka, Okhaldhunga**
   **Name of Office: Sunkoshi Rural Municipality**
   **Account Name: SUNKOSHI GA.PA. DHARAUTI GA-3**
   **Dharauti Khata no.: 0950073610000045 Office Code no.: 801011008**
7. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.

**Details of works**

| S. N | Contract Id No. | Description of Works | Estimated Amount (without VAT Contingency & PS ) | Bid Security Amount NRs. | Bid Fee Amount NRs | Remarks |
|---|---|---|---|---|---|---|
| 1 | 07/NCB/WBCWORKS/ SRM/081/082 | Wada No.2 Wada Karyalaya Bhawan Nirman | 6242220.76 | 212000 | 3000.00 | |
| 2 | 08/NCB/WBCWORKS/ SRM/081/082 | Wada No.6 Wada Karyalaya Bhawan Nirman Yojana | 6242220.76 | 212000 | 3000.00 | |
| 3 | 09/NCB/EDITLIPBC WORKS/SRM/081/082 | Sunkoshi Gaunpalikako Shaikchhik Bikash Suchana Prabidhi Tatha Sakshhyarata sudhar Karyakram | 15805119.62 | 536000 | 3000.00 | |

8. The Employer reserves the right to accept or reject, wholly or partly. The employer reserves the right to accept or reject, wholly or party any reason, whatever.

**Chief Administrative Office**



**Invitation for Bids**

## Chaubise Rural Municipality
## Office Of Rural Municipal Executive
**Rajarani, Dhankuta**
**Koshi Province, Nepal**

### Invitation for Bids

**Date of Publication : 2081/10/10 (2025/01/23)**

1. The **Chaubise Rural Municipality** invites electronic bids from Nepalese eligible bidders for the following contractsunder National Competitive Bidding procedures.

| Contract Identification No | Description | Estimated Amount (with VAT) | Bid Document Fee (NRs) | Bid Security NRs | Remarks |
|---|---|---|---|---|---|
| CRM/DKT/WORK/ NCB/04/081/82 | Construction of Pashu Building Hospital | 7169000 | 3000.00 | 180000 | |

2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office Of **Chaubise Rural Municipality, Rajarani Dhankuta, Phone No:- 026-411032, 026-411033, E-mail:-chaubisegapa@gmail.com** or may visit PPMO website **www.bolpatra.gov.np/egp.**
3. Bidder may download the bidding documents for e-submission from PPMO's Web Site **www.bolpatra.gov.np./egp,.** Bidders must submit their bid electronically upon a submission of scanned copy (pdf) of written application along with the copy of company/ firm registration certificate, VAT registration certificate and Tax clearance certificate for the F/Y 2080/081and Latest Tax return submission evidence or evidence of tax time extension for F/Y 2080/081, should deposit the cost (as stated in bullet no. 1) of bidding document in the Office's Antarik Rajaswa Khata (account)stated below and the scanned copy (pdf format) of the Bank deposit voucher shall be uploaded by the bidder at the time of electronic submission of the bids.

   **Information to deposit the cost of bidding document in Bank :**
   **Name of the Bank : Nabil Bank Ltd., Rajarani, Dhankuta**
   **Name of Office : Chaubise Rural Municipality, Rajarani, Dhankuta**
   **Office Account no.(GA.1.1 Antarik Rajaswa Khata) : 22501017500033**
4. Pre-bid meeting shall be held in TheOffice of **Chaubise Rural Municipality, Rajarani, Dhankuta on 2081/11/01(2025/02/13) at 11.00 A.M.**
5. Electronic bids must be submitted through PPMO website **www.bolpatra.gov.np/egp** before**12.00 P.M.on2081/11/11(2025/02/23).** Bids received after this deadline will be rejected.
6. The bidswill be opened in the presence of Bidders' representatives who choose to attend at **2.00 P.M. on 2081/11/11 (2025/02/23)**at the office of **Chaubise Rural Municipality, Rajarani, Dhankuta.**Bids must be valid for a period of **90 Days** after bid opening and must be accompanied by scanned copy of the bid security in .pdf format which must be deposited to GA.3. Dharauti Account No: 22501017500019 on the behalf of **Chaubise Rural Municipality at Nabil Bank Ltd., Rajarani Branch,** amounting to a minimum of as stated in bullet no. 1 or bid bond authorized from a recognized "A" class commercial or financial institution eligible to issue bank guarantee as per prevailing law of Nepal. The Bid security amount stated above shall be valid for 30 days beyond the bid validity period.
7. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.
8. Bid should comply in all respects with the instruction to Bidder included in the bid document no compliance with this instruction shall result in disqualification.
9. **Chaubise Rural Municipality** reserves the right to accept or reject, wholly or partly any or all the bids without assigning reason, whatsoever.
10. In case of Joint Venture, the maximum number of joint venture partners has been limited to three.

**Chief Administrative Officer**

प्रभाव दैनिक National Daily

# अर्थ बजार

आजको मूल्य

| छापावाला सुन | तेजाबी सुन | चाँदी |
|---|---|---|
| प्रति तोला – १६०००० | प्रति तोला – ० | प्रति तोला – १८९५ |



**च्याउ खेतीका लागि टनेल** | दाङको घोराही उपमहानगरपालिका-१७ स्थित गैरागाउँमा सिस्ने कृषि उत्पादन तथा अनुसन्धान प्रालिले च्याउ खेतीका लागि बनाइएको टनेल । *तस्बिरः कुलदीप न्यौपाने/रासस*

## ‘पोखरा विमानस्थल सञ्चालनमा सामूहिक प्रयास आवश्यक’

■ प्रभाव संवाददाता

**कास्की–** गण्डकी प्रदेशका मुख्यमन्त्री सुरेन्द्रराज पाण्डेले पोखरा अन्तर्राष्ट्रिय विमानस्थलबाट नियमित अन्तर्राष्ट्रिय उडान सञ्चालन ल्याउन सामूहिक प्रयास आवश्यक पर्ने कान्तिपुर मिडिया ग्रुपले आज पोखरामा आयोजना गरेको ‘गन्तव्य गण्डकी’ कार्यक्रमको उद्‌घाटन गर्दै उनले प्रदेश सरकारले मात्र चाहेर विमानस्थलबाट नियमित उडान हुन नसक्ने भएकाले सङ्घ र प्रदेश सरकारको सामूहिक प्रयास आवश्यक रहेको उल्लेख गरे ।

मुख्यमन्त्री पाण्डेले भने, ‘पर्यटन प्रवर्द्धन सरकारको पहिलो प्राथमिकताको क्षेत्र हो । भौगोलिक अवस्थाका कारण सबैतिर सुविधासम्पन्न सडक पुर्‍याउनु चुनौतीपूर्ण छ, मौसम व्यवस्थापनका कारणले समयमा यात्रु गन्तव्यमा जान सकिरहनुभएको छैन । अन्तर्राष्ट्रिय विमानस्थल नियमित सञ्चालन गर्नु चुनौतीपूर्ण बनेको छ । सङ्घ र प्रदेश सरकारसँगको समन्वयमा यथाशीघ्र विमानस्थल सञ्चालन गरेर अन्तर्राष्ट्रिय पर्यटकलाई सुविधाजनक कनेक्टिभिटीको सुविधा पुर्‍याउने पहल गरिरहेका छौँ ।’

पोखरा र समग्र गण्डकी प्रदेश पर्यटकीय सम्भावनाको क्षेत्र रहेको बताउँदै मुख्यमन्त्री पाण्डेले पोखरालाई पर्यटकीय राजधानी घोषणा गरेपछि पोखरासहित गण्डकी प्रदेशको पर्यटन प्रवर्द्धन हुँदै गएको बताए । उनले यहाँका पर्यटकीय क्षेत्र पहिचान गर्दै सम्भावना अभिवृद्धि गर्ने कार्यमा प्रदेश सरकार निरन्तर लागिरहेको उल्लेख गरे ।

‘पोखरा र गण्डकी प्रदेशमा बढी विदेशी पर्यटकको आगमन हुन्छ । यसलाई अझ राष्ट्रिय तथा अन्तर्राष्ट्रिय बजारीकरण गर्ने र बढीभन्दा बढी विश्वका पर्यटकलाई प्रदेशमा भित्र्याउने योजना छ’, मुख्यमन्त्री पाण्डेले भने । पर्यटकको संख्याभन्दा पनि पर्यटकबाट हुने आम्दानी महत्वपूर्ण रहेको उनले बताए ।

गण्डकीका मुक्तिनाथ, मनकामना, त्रिवेणीधामलगायत धार्मिकस्थलको प्रवर्द्धन गर्दै धार्मिक पर्यटक भित्र्याउन र नयाँ धार्मिक पर्यटकीय क्षेत्रको पहिचानका लागि काम गरिने मुख्यमन्त्री पाण्डेले जानकारी दिए ।

कान्तिपुर मिडिया ग्रुपका अध्यक्ष कैलास सिरोहियाले गण्डकी प्रदेशको सम्भावना, समस्या र समाधानका उपायहरूको खोजी गर्ने उद्देश्यले ‘गन्तव्य गण्डकी’ कार्यक्रमको आयोजना गरिएको बताए । उनले प्रदेशको विकासका लागि योजनाबद्ध र सामूहिक प्रयास आवश्यक रहेकामा जोड दिए । कार्यक्रममा राजनीति र पर्यटन नीति, साहसिक यात्रा, स्वप्निल गन्तव्य, शिक्षा, स्वास्थ्य र रोजगार तथा सङ्घीयताका विषयमा विषय विज्ञहरूका बीचमा बहसमूलक छलफल हुने आयोजकले जनाएको छ ।

## ‘अध्यादेशले निजी क्षेत्रलाई लगानीका लागि प्रोत्साहन गरेको छ’

■ प्रभाव संवाददाता



**म्याग्दी–** नेपाल उद्योग वाणिज्य महासंघका अध्यक्ष चन्द्रप्रसाद ढकालले सरकारले हालै जारी गरेको अध्यादेशले निजी क्षेत्रलाई लगानीका लागि प्रोत्साहन गरेको बताएका छन् । बेनीमा मंगलबार आठौं म्याग्दी महोत्सव, माघे संक्रान्ति, प्रदेशस्तरीय कृषि, पर्यटन, औद्योगिक, व्यापारिक मेलाको समापन समारोहलाई सम्बोधन गर्दै अध्यक्ष ढकालले अध्यादेशबाट भएको कानुन परिवर्तनले निजी क्षेत्र उत्साही भएको बताए ।

सुशासन प्रवर्द्धन तथा सार्वजनिक सेवा प्रवाहसम्बन्धी, आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व, निजीकरण र आर्थिक तथा व्यावसायिक वातावरण सुधार, लगानी अभिवृद्धि र भूमिसम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्न बनेको अध्यादेशबाट लगानी प्रवर्द्धनमा मद्दत पुग्ने अध्यक्ष ढकालले उल्लेख गरे । ‘सरकारका तर्फबाट भएको कानुन परिवर्तनले निजी क्षेत्रलाई लगानीका लागि प्रोत्साहन गरेको छ,’ उनले भने, ‘निजी क्षेत्रको सकारात्मक सुझावलाई सरकारले ग्रहण गरेर छोटो समयमै कानुन परिवर्तन गरेर लगानी र सुरक्षाको वातावरण भएको सन्देश दिएको छ ।’

कोरोना महामारी, रुस र युक्रेनको युद्ध तथा नेपालका विद्यमान ऐन, कानुनका कारण संकुचनमा परेको आर्थिक क्षेत्रलाई चलायमान बनाउन निजी क्षेत्रको सुझावअनुसार सरकारले अध्यादेश जारी गरेको अध्यक्ष ढकालको कथन थियो । उनले म्याग्दीका उद्योगी, व्यवसायीहरूले तयार पार्ने कृषि, पर्यटन, जलस्रोतसम्बन्धी योजनामा लगानी भित्र्याउन उद्योग वाणिज्य महासंघमार्फत सहजीकरण गर्ने प्रतिबद्धता जनाए ।

म्याग्दी उद्योग वाणिज्य संघका अध्यक्ष सुविन श्रेष्ठले आर्थिक गतिविधिलाई चलायमान बनाउन, सम्भावनाको पहिचान, स्थानीय उत्पादनको बजारीकरण, पर्यटन प्रवर्द्धन, खेलकुद प्रतिभा पहिचान, कला र संस्कृतिको संरक्षण गर्न महोत्सव सफल भएको बताए ।

पुस २८ गतेदेखि सुरु भएको महोत्सवमा स्थानीय, औद्योगिक उत्पादनका २३० वटा व्यापारिक स्टल थिए । महोत्सवमा १० करोड रूपैयाँको कारोबार भएको र एक लाख दर्शकले अवलोकन गरेका अध्यक्ष श्रेष्ठले बताए ।

## नेप्से परिसूचक र कारोबार रकम दुवै बढे




**काठमाडौं (प्रस)–** नेपाल स्टक एक्सचेञ्ज (नेप्से) परिसूचक र कारोबार रकम दुवैमा बुधबार उल्लेख्य सुधार देखिएको छ । नेप्से परिसूचक ५२ दशमलव २६ अङ्कले बढेर दुई हजार छ सय ६५ दशमलव ४५ को विन्दुमा कायम भएको हो ।

तीन सय २२ कम्पनीको एक करोड ७६ लाख ९२ हजार आठ सय १९ कित्ता शेयर ९० हजार छ सय ९६ पटक खरिदबिक्री हुँदा रु नौ अर्ब २० करोड ३० लाख ८८ हजार तीन सय ४९ को कारोबार भएको छ । कारोबारमा सबै समूहको उपसूचक बढेको छ । सबैभन्दा धेरै अन्य समूह चार दशमलव २४ र लगानी समूह तीन दशमलव ८२ प्रतिशतले बढेको छ । बैंकिङ एक दशमलव ३२, विकास बैंक दुई दशमलव ७४, वित्त शून्य दशमलव ८९, होटल तथा पर्यटन दुई दशमलव ७१ र जलविद्युत् समूह दुई दशमलव ७१ प्रतिशतले बढेको छ ।

त्यस्तै, जीवन बिमा समूह एक दशमलव ८९, उत्पादन तथा प्रशोधन शून्य दशमलव शून्य आठ, लघुवित्त एक दशमलव शून्य सात, म्युचुअल फण्ड शून्य दशमलव ४९, निर्जीवन बिमा एक र व्यापार समूह दुई दशमलव ४५ प्रतिशतले बढेको छ । कर्पोरेट डेभलपमेन्ट बैंक लिमिटेड र डोल्टी पावर कम्पनी लिमिटेडको शेयर मूल्यमा सकारात्मक सर्किट लागेको छ ।

## सडक बनाउन सुन्तला महोत्सव आयोजना



**पर्वत–** गाउँसम्म पुग्ने सडक निर्माणका लागि राज्यको ध्यानाकर्षण गराउन यहाँको विकट गाउँ बाँसखर्कमा सुन्तला महोत्सव आयोजना गरिएको छ । नेपालकै सबैभन्दा स्वादिलो र रैथाने जातको सुन्तला उत्पादन हुने जलजला गाउँपालिका-१ बाँसखर्कका सुन्तला ढुवानीमा समस्या भएपछि गाउँमै महोत्सव आयोजना गरिएको हो । यही माघ ११ गते एक दिने सुन्तला महोत्सव गर्न थालिएको हो ।

सडक स्तरोन्नतीमा रचनात्मक दबाब सिर्जना गर्नका लागि महोत्सवको आयोजना गरिएको जलजला-१ बाँसखर्कका वडाध्यक्ष जगबहादुर रोकाले बताए । उनका अनुसार महोत्सवमा गण्डकी प्रदेश सरकारका मुख्यमन्त्री सुरेन्द्रराज पाण्डेदेखि मन्त्री, सांसद तथा राजनीतिक दलका नेतालाई सहभागी गराएर सडकको दुरावस्था देखाउने मुख्य उद्देश्य रहेको छ ।

वर्षेनी झण्डै रु १५ करोडसम्मका सुन्तला उत्पादन हुने भए पनि बजारमा ढुवानी गर्न समस्या भएपछि गाउँलेले यस्तो जुक्ति निकालेका हुन् । बाँसखर्क जोड्ने वारीवेनी-बगरफाँट-बाँसखर्क सडक स्तरोन्नती हुन नसक्दा गाउँसम्म सवारी साधन पुग्न समस्या भएको छ । ठुला सवारी साधन सुन्तला बगानसम्म पुग्न नसक्दा व्यवसायीलाई सुन्तला ढुवानीमा समस्या भएको अगुवा कृषक जगतबहादुर खत्रीले जानकारी दिए । सुन्तला बिक्रीबाट उनले यस वर्ष मात्रै रु ४० लाख आम्दानी हुने अपेक्षा गरेका छन् । सडक सास्तीका कारण ढुवानीमा समस्या रहेको उनको गुनासो छ ।

उनले भने, ‘साना खालका बोलेरो जीपमा थोरै थोरै सुन्तला टिपेर बेनी-मालढुङ्गा सडकसम्म झार्ने र ठुलो ट्रकमा राखेर लैजानुपर्ने बाध्यता रहेको छ, यसले ढुवानी लागत र समय बढी लाग्ने गरेको छ ।’ सडकका कारण गन्तव्यमा पुर्‍याउँदा सुन्तला थिचिने मिचिने र कुहिने समस्या रहन्छ । ढिलोगरी तयार हुने यहाँका सुन्तला माघ दोस्रो सातापछि मात्र बजार पठाउने गरिएको छ । गत वर्ष ढुवानी गर्ने समयमा गाउँपालिकाले सामान्य सडक मर्मत गरेको भए पनि वर्षायामको बाढी पहिरोले सडकमा सवारी साधन चलाउनै नसक्ने अवस्था रहेको अर्का कृषक मेखबहादुर खत्रीले बताए । यहाँको सडक मर्मतमा कुनै निकायले चासो नदिँदा समस्या भएको छ ।

प्रदेश सरकारदेखि यस क्षेत्रको राजनीतिक नेतृत्वलाई नै गाउँमा उतारेर सडकको दुरावस्थाका बारेमा जानकारी गराइ सडक स्तरोन्नती र कालोपत्र गर्नका लागि बगानमै महोत्सव गरिने भएको छ । महोत्सवमा सुन्तलाखेती प्रदर्शन, सुन्तलाका विभिन्न परिकार तथा स्वाद आगन्तुकलाई पस्किने आयोजकको तयारी छ ।

अहिले बाँसखर्कसम्म पुग्न बारीबेनी र मिलनचोकबाट कच्ची सडकको खुलेको भए पनि घण्टौं लगाएर साना सवारी साधनमा पुग्नुपर्ने बाध्यता छ । जीर्ण सडकका कारण ठुला ट्रक र टिपर गाउँसम्म जान सक्दैनन् । सानो बोलेरो जीप मात्र मुस्किलले गाउँसम्म पुग्ने भएकाले व्यवसायीलाई सुन्तला निकासीमा समस्या भएको कृषक खत्रीले गुनासो गरे । ठूला ट्रक तथा कन्टेनरबाट एकै पटक ढुवानी गर्न पाएमा आफूलाई सहज हुने सुन्तला खरिदका लागि बगानमा आएका काठमाडौंको कालीमाटीका व्यवसायी रमेश ढुङ्गेलले बताए । ‘यति ठूलो सुन्तला बगानको सहजताका लागि राज्यसमेतले पूर्वाधार निर्माण गरिदिनुपर्दछ’, उनले भने । करिब १० किलोमिटरको दुरी पार गर्न झण्डै डेढ घण्टा लाग्ने गरेको व्यवसायीको गुनासो छ ।

गण्डकी प्रदेश र बाहिर पनि बाँसखर्कको सुन्तला राम्रो मूल्यमा जाने गरेको जनाउँदै गाउँपालिकाका अध्यक्ष राजु आचार्यले गाउँपालिकाले प्रचारप्रसार गर्न तथा सुन्तलालाई ब्रान्डीङ गरेर बाहिर निर्यात गर्नुका साथै बगैँचासम्म जाने सडक सुधारका लागि महोत्सव आयोजना गरिएको बताए । यहाँका कृषकले गत वर्ष रु ११ करोड भित्र्याएका थिए भने अहिले क्षेत्रफल र उत्पादन दुवै बढेकाले रु १५ करोडसम्म आम्दानी हुने आकलन गरिएको उनले बताए । *रासस*


चिसोमा हुने स्वास्थ्य समस्याबाट बचौं

- चिसोबाट बालबालिका र ज्येष्ठ नागरिक बढी प्रभावित हुने हुँदा उनीहरूको उचित स्याहार गरौं,
- चिसोमा बाहिर हिँड्दा तातो र न्यानो कपडा लगाऔं,
- कोठामा हिटर वा आगो बाल्दा होसियारी अपनाऔं,
- चिसोबाट जोगिन दैनिक घाम ताप्ने गरौं,
- शारिरीक व्यायाम गरौं,
- जाडोबाट बच्ने नाममा धुम्रपान र मद्यपान नगरौं,
- रुघाखोकी, ज्वरो लगायतका स्वास्थ्य समस्या देखिएमा स्वास्थ्य परिक्षण गरौं र गराऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड



अब मात्र एक क्लिकमा...
www.prabhabonline.com
facebook www.facebook.com/Prabhab Online
प्रभाव दैनिक


प्रभाव पब्लिकेसन प्रा.लि.द्वारा प्रकाशित मुद्रणः एक्प्रेस कलर प्रेस, कार्यालयः काठमाडौं-७, सिफल, नेपाल फोन नं.: ०१-४३७३५७७, ०१-४५८४३६८, इमेलः prabhabdailynews@gmail.com, विज्ञापनका लागिः marketing2prabhab@gmail.com, प्रबन्ध निर्देशकः कृष्ण कार्की, सम्पादकः विष्णु तामाङ